# राष्ट्रिय महिला आयोग
# NATIONAL WOMEN COMMISSION




# तेह्रौं वार्षिक प्रतिवेदन
(आ.व. २०७६ श्रावण देखि २०७७ आषाढ मसान्तसम्म)

# राष्ट्रिय महिला आयोग
## NATIONAL WOMEN COMMISSION

**तेह्रौं वार्षिक प्रतिवेदन**
(आ.व. २०७६ श्रावण देखि २०७७ आषाढ मसान्तसम्म)

भद्रकालीप्लाजा, काठमाडौं नेपाल
फोन नं.: ०९७७-१-४२५६७०१, फ्याक्स नं.: ९७७-१-४२७०२४६
इमेलः info@nwc.gov.np, वेबसाईट : www.nwc.gov.np

**प्रकाशकः राष्ट्रिय महिला आयोग**

प्रकाशन मिति : २०७७ आश्विन

प्रकाशन प्रति : १५०० प्रति

प्रतिवेदन नं.: १३

सर्वाधिकार : राष्ट्रिय महिला आयोग, भद्रकालीप्लाजा, काठमाडौं

**सल्लाहकार**

शान्ता अधिकारी भट्टराई

**सम्पादक मण्डल**

श्री मीरा शेरचन

श्री कल्पना कुमारी खतिवडा

श्री पलिता थापा

श्री अनन्त घिमिरे

**टाइपिङ**

बिना नेमकुल

**मुद्रण**

CREATIVE PRODUCTION (P.) LTD.

Hanumansthan, Anamnagar, Kathmandu, Nepal

Tel: 977-1-5705741

E-mail: creativeprint.raj@gmail.com

# मन्तव्य



राष्ट्रिय महिला आयोग महिलाको हक हितको संरक्षण, सम्वर्द्धन तथा महिलालाई सशक्तीकरण गरी लैङ्गिक न्याय सुनिश्चित गर्ने उद्देश्य सहित विगत १८ वर्ष देखि निरन्तर रुपमा महिला अधिकारका क्षेत्रमा क्रियाशील रहँदै आएको छ। वि. सं २०५८ फागुन २३ गते सरकारी निर्णयबाट स्थापना भई २०६३ सालमा कानूनी व्यवस्था भई गठन भएको यस आयोगले २०७२ सालको संविधानद्वारा संवैधानिक हैसियत प्राप्त गरेको छ। महिलाको हक हितसँग सरोकार राख्ने नीतिगत कामका साथै अन्तराष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको विषयमासमेत अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिन सक्ने लगायतका नीतिगत सिफारिस तथा अनुगमनकारी भूमिका निर्वाह गर्न संविधानद्वारा अधिकार प्राप्त यस आयोगले आफूले वर्ष भरी गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा २६ ले गरेको छ।

प्रचलित संविधान, कानून र न्यायिक मूल्य मान्यताका आधारमा महिलालाई छिटो, छरितो, प्रभावकारी र न्यायमा सहज पहुँचको लागि सदैव वकालत गर्दै आएको आयोगले महिला मानव अधिकारको रक्षकको भूमिका निर्वाह गर्दै आएको छ। लैङ्गिक विभेदको अन्त्य तथा महिला हिंसा निवारणमा आयोगको भूमिका महत्वपूर्ण छ। लैङ्गिक विभेदको अन्त्य तथा महिला, बालबालिका सम्बन्धी हिंसाका घटनाको सम्बोधन गर्न आयोगबाट सञ्चालित **खबर गरौं ११४५ हेल्पलाईन** सेवाले जोखिममा परेका महिला तथा बालबालिकाहरूलाई राहत पुऱ्याएको छ। आयोगमा उजुरी गर्न आउने महिलाहरूलाई कानूनी परामर्शको माध्यमबाट न्यायको ढोकासम्म पुऱ्याउने कार्य गरी आवाज विहीनहरूको आवाज बन्दै आएको छ। आयोगले विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा पीडित महिलाहरूलाई कानूनी परामर्श, मनोसामाजिक मनोविमर्श, जोखिममा परेका महिला तथा बालबालिकाहरूलाई आश्रयस्थल उपलब्ध गराँउदै आएको छ।

महिला अधिकारको संरक्षणका लागि कटिबद्ध रहँदै आएको यो आयोग हाल विश्व व्यापीरूपमा फैलिएको कोभिड- १९ को महामारीको विषम परिस्थितिमा समेत हिंसामा परेका महिलाहरूको उद्धार, मनोसामाजिक परामर्श तथा कानूनी परामर्शलगायत सेवा प्रदान गरी न्यायमा पहुँच पुऱ्याउन प्रयत्नशिल रहेको छ। विभिन्न चुनौतीका बाबजुद पनि आयोगको क्षेत्राधिकार बमोजिम वर्ष भरी महिला अधिकारका सम्बन्धमा गरिएको अध्ययन, अनुसन्धान, अनुगमन, समन्वय, सहकार्यका साथै सचेतनामूलक कार्यक्रमलगायतका काम कारवाहीको विवरण समावेश गरी आ.व.०७६/०७७ को वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा रहेका कमी कमजोरी हटाई प्रतिवेदनलाई प्रभावकारी बनाउन रचनात्मक सुझावको अपेक्षा गरिएको छ।

अन्त्यमा,नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिमको आयोग पदाधिकारीविहीन अवस्थामा संविधान र ऐनको भावना र मर्म बमोजिम काम गर्न निक्कै कठिनाई भईरहेको यस घडीमा यथाशीघ्र आयोगले पूर्णता प्राप्त गरी पूर्ण क्षमताकासाथ कार्य गर्न सहज वातावरण निर्माण हुनेछ भन्ने विश्वासका साथ आयोगले लिएका लक्ष्य, उद्देश्य पूरा गर्न आगामी दिनमा सम्बद्ध सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरेको छु। यस प्रतिवेदन अवधिमा आयोगको समग्र काम कारवाहीमा योगदान गर्नु हुने सबैमा हार्दिक आभार व्यक्त गर्दछु। साथै यो प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्ने आयोगका सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**शान्ता अधिकारी भट्टराई**
**सचिव**

# विषय सूची


| सि.नं. | विवरण | पेज |
|---|---|---|
| | **परिच्छेद १ : प्रारम्भिक** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | राष्ट्रिय महिला आयोगको गठन, काम, कर्तव्य र अधिकार | २ |
| १.२.१ | आयोगको गठन प्रक्रिया | २ |
| १.२.२ | आयोगको काम कर्तव्य र अधिकार | २ |
| १.२.३ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ अनुसार आयोगको थप जिम्मेवारी | २ |
| १.२.४ | आयोगको पञ्च वर्षिय रणनीतिक योजना | ३ |
| | **परिच्छेद २: संगठनात्मक संरचना** | |
| २.१. | संगठनात्मक संरचना | ४ |
| २.२ | पदपूर्तिको अवस्था | ५ |
| | **परिच्छेद ३ : नेपालमा महिला सशक्तीकरण** | |
| ३.१ | अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं महिला सशक्तिकरणका लागि चालिएका कदम | ६ |
| ३.२ | नेपालको संविधान र कानुनहरूमा महिला अधिकार | ९ |
| ३.३ | पन्ध्रौं योजना | १६ |
| ३.४ | संस्थागत व्यवस्था | १७ |
| ३.५ | नेपालमा महिलाको वर्तमान अवस्था | १७ |
| ३.६ | न्यायपालिकामा महिला सहभागिता | १८ |
| ३.७ | निजामती सेवामा महिला सहभागिता | १९ |
| ३.८ | सुरक्षा निकायमा महिला सहभागिता | २१ |
| ३.९ | नेपालमा महिला विकास र सशक्तीकरणका लागि चालिएका कदम सम्बन्धी  मुख्य घटनाहरु | २२ |
| | **परिच्छेद ४ : आयोगका प्रमुख कार्यक्रमहरू** | |
| ४.१ | आयोगबाट सञ्चालित प्रमुख कार्यक्रमहरू | २७ |
| ४.२ | दातृ निकायहरूको सहयोगमा संचालित कार्यक्रम | २८ |
| ४.२.१ | लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (Integrated Platform for Gender based Violence Prevention and Response in Nepal Project (सम्बोधन) | २८ |
| ४.२.१.१ | परियोजनाको उद्देश्य | २९ |
| ४.२.१.२ | परियोजनाको कार्यक्षेत्र तथा सेवा प्रवाहको क्षेत्र | २९ |
| ४.२.१.३ | परियोजनाका साझेदार संस्थाहरू र प्रदान गरीने सेवा | २९ |

| | | |
|---|---|---|
| ४.२.२ | Technical Support to National Machinery on Monitoring the Implementation of CEDAW Concluding Observations परियोजना | २९ |
| **परिच्छेद ५ : आयोगको शाखागत परिचय** | | |
| ५.१. | प्रशासन तथा योजना शाखा | ३१ |
| ५.२ | महिला विकास समन्वय शाखा | ३१ |
| ५.३ | नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा | ३१ |
| ५.४ | उजुरी तथा मुद्दा व्यवस्थापन शाखा | ३२ |
| ५.५. | आर्थिक प्रशासन शाखा | ३२ |
| **परिच्छेद ६ : आयोगबाट सम्पादित कार्यहरू** | | |
| ६.१ | कर्मचारी क्षमता अभिवृद्धि तथा प्रतिवेदन लेखन कार्यक्रम | ३४ |
| ६.२ | क्षमता अभिवृद्धि तथा महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | ३४ |
| ६.३ | विद्यालय तहमा महिला हिंसा न्यूनीकरण तथा महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | ३५ |
| ६.४ | मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलासम्बन्धी अभिमुखीकरण कार्यक्रम | ३६ |
| ६.५ | महिला अधिकार सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम | ३६ |
| ६.६ | आमा समूह, महिला सहकारी संस्था तथा अन्य संस्थामा आबद्ध महिलाहरूको सशक्तीकरण तथा सचेतनामूलक कार्यक्रम | ३७ |
| ६.७ | स्थानीय तहमा महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | ३८ |
| ६.८ | उद्यमशिलता विकास र सशक्तीकरण सम्बन्धी उद्यमी व्यवसायी महिलाहरूसँग अन्तरक्रिया | ३९ |
| ६.९ | लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियानका क्रममा आयोगबाट आयोजना गरिएको अन्तरक्रियात्मक कार्यक्रम | ३९ |
| ६.१० | समसामयिक विषयहरू (यौनिक हिंसा, लिभिङ टुगेदर, वैदेशिक रोजगारका कारणबाट हुने महिला हिंसा) विषयहरूमा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम | ४१ |
| ६.११ | केन्द्र र प्रदेशस्तरमा लैङ्गिक सम्पर्क विन्दुहरूसँगको अन्तरक्रिया कार्यक्रम | ४३ |
| **परिच्छेद ७ : उजुरी, निवेदन तथा जाँचबुझ** | | |
| ७.१ | उजुरी सम्बन्धी व्यवस्था | ४४ |
| **परिच्छेद ८ : विविध गतिविधि** | | |
| ८.१ | लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सञ्चालन | ५० |
| ८.२ | महिला सेल्टरहरूको चौथो विश्व सम्मेलन | ५० |
| ८.३ | राष्ट्रिय महिला आयोगको १८औं स्थापना दिवस र **खबर गरौं ११४५ हेल्पलाईन** सेवाको दोस्रो वार्षिकोत्सव | ५० |
| ८.४ | दातृ निकायहरूसँगको अन्तरक्रियात्मक कार्यक्रम | ५१ |
| ८.५ | सञ्चारकर्मीसँगको अन्तरक्रिया | ५१ |
| ८.६ | प्रकाशन तथा प्रसारण | ५१ |
| ८.६.१ | महिला आयोग खबर-पत्र (चौमासिक बुलेटीन) | ५१ |
| ८.६.२ | आर्थिक वर्ष २०७५/७६ को आयोगको वार्षिक प्रतिवेदन | ५२ |
| ८.६.३ | होर्डिङ्ग बोर्ड | ५२ |
| ८.६.४ | ब्रोशर, फ्लायर, Factsheet र पोस्टर | ५२ |
| ८.६.५ | जिङ्गल (PSA/TVC) | ५२ |
| ८.६.७ | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | ५२ |

| परिच्छेद ९<br>कोभिड-१९ को महामारीको कारण भएको बन्दाबन्दीमा लैङ्गिक हिंसा निवारणमा राष्ट्रिय महिला आयोगका प्रयास | | |
|---|---|---|
| ९.१ | पृष्ठभूमी | ५३ |
| ९.२ | बन्दाबन्दीको समयमा प्रदान गरिएका सेवाहरू | ५४ |
| ९.२.१ | बन्दाबन्दीको समयमा **खबर गरौं ११४५ हेल्पलाईन** सेवामा प्राप्त भएका फोनकलहरू | ५४ |
| ९.२.२ | सेवा प्रदायक निकायहरूसँग समन्वय तथा सेवामा पहुँच सम्बन्धी विवरण | ५५ |
| ९.२.३ | राष्ट्रिय महिला आयोग र साझेदार संस्थाहरूद्वारा प्रदान गरिएको सहयोग तथा सेवाहरू | ५५ |
| ९.३ | प्राप्त भएका उजुरी र हिंसाका प्रकार | ५६ |
| ९.३.१ | हिंसाका प्रकार | ५६ |
| ९.३.२ | हिंसाको स्वरूप | ५७ |
| ९.३.२.१ | घरेलु हिंसा सम्बन्धी प्राप्त भएका फोनकलहरू | ५७ |
| ९.३.२.२ | महिला हिंसा सम्बन्धी प्राप्त भएका फोनकलहरू | ५८ |
| ९.३.३ | प्राप्त फोनकल अनुसार हिंसाको प्रकारको प्रदेशगत स्थिति | ५८ |
| ९.३.४ | दर्ता भएका घटनाहरुको प्रदेशस्तगत विवरण | ५९ |
| ९.३.५ | बढी उजुरी भएका हिंसाका घटनाहरू | ५९ |
| ९.३.६ | उमेरको आधारमा पीडितको विवरण | ६० |
| ९.४ | बन्दाबन्दीले महिलामाथि पारेको प्रभाव | ६२ |
| ९.५ | समन्वय र सहकार्य | ६२ |
| ९.६ | मापदण्डहरूको तयारी | ६३ |
| ९.७ | महिला हिंसा निवारण गर्न हिंसाको रोकथाम र सम्बोधनका लागि सूचना सम्प्रेषण | ६३ |
| **परिच्छेद १० : समन्वय र सहकार्य** | | |
| १०.१ | सरकारी तथा गैर सरकारी संस्थासँग समन्वय | ६४ |
| १०.२ | प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी कार्य समूह | ६४ |
| १०.३ | महिला महासन्धि समितिको निष्कर्ष सुझाव कार्यान्वयन अनुगमन समूह (CEDAW Concluding Observations Implementation Follow-Up Group) | ६५ |
| १०.४ | राज्यविहिनता विरूद्धको अन्तराष्ट्रिय महासन्धीहरूको नेपाली अनुवाद र सँगालो विमोचन | ६५ |
| १०.५ | नागरिकता प्रभावित व्यक्तिहरूको सञ्जाल र सम्बन्धित सरोकारवालाहरूसँगको छलफल कार्यक्रम | ६५ |
| १०.६ | Volunteer Service Organization Nepal (VSO Nepal) सहकार्य | ६५ |
| **परिच्छेद ११ : निष्कर्ष तथा सुझाव** | | |
| ११.१ | निष्कर्ष | ६६ |
| ११.२ | चुनौतीहरू | ६७ |
| ११.३ | सुझावहरू | ६७ |
| ११.४ | भावी कदमहरू | ६८ |

# परिच्छेद १
## प्रारम्भिक

### १.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कूल जनसंख्या २,६४,९६,५०४ रहेको छ। महिलाको जनसंख्या १,३६,४५४६३ (५१.५ प्रतिशत) रहेको छ। जनसंख्याको दृष्टिले महिलाको संख्या बढी रहेतापनि आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक क्षेत्रमा महिलाको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ। महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी, १९७९ ले महिला अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न छुट्टै नीति, संस्थागत संरचना र बजेट विनियोजन हुनुपर्ने उल्लेख गरेको छ। यस तथ्यलाई आत्मसात गरी सन् १९९३ को भियना घोषणापत्र तथा सन् १९९५ को चौथो विश्व महिला सम्मेलन वेइजिङ्ग घोषणापत्रले महिलाको मानव अधिकार पुरूष सरह हुने गरी मान्यता प्रदान गरेको छ। वेइजिङ्ग घोषणापत्रले अधिकार प्राप्त स्वतन्त्र संस्थाबाट महिलाको हित र उन्नतिको प्रयास गर्नुपर्ने दायित्व सरकारको हुने भन्ने उल्लेख गरे अनुरूप २०५८ फागुन २३ गते (७ मार्च २००२) मा तत्कालीन सरकारको कार्यकारी निर्णयबाट राष्ट्रिय महिला आयोग  गठन भएको थियो। यस आयोगलाई राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा आएपछि कानुनी मान्यता प्राप्त भएको हो। वि.सं. २०७२ मा नेपालको संविधान जारी भए पश्चात यस आयोगले संवैधानिक मान्यता प्राप्त गऱ्यो। संवैधानिक व्यवस्था भएपछि आयोगको कार्यक्षेत्र र स्वरूप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमै तोकिएको छ। राष्ट्रिय महिला आयोग ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ। हालसम्म आयोग पदाधिकारी विहीन अवस्थामा रहेको कारणले नियमावली भने जारी हुन सकेको छैन।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको छ। संविधानको धारा ३८ मा महिलाको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै संविधानमा व्यवस्था भएका महिला तथा बालबालिका सम्बन्धी हक अधिकार कार्यान्वयन गर्न गराउनका लागि नियमनकारी र सचेतकको भूमिका निर्वाह गर्ने आयोगको महत्वपूर्ण भूमिका रहेको छ।

आयोगले विगतदेखि महिलामाथि भईरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेदविरूद्ध महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आइरहेको छ। आयोगले महिला मानव अधिकार हननका घटनाहरूको अवलोकन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई कानूनी परामर्श दिने जस्ता कार्यहरूलाई पनि निरन्तरता दिँदै आएको छ।

नेपालको संविधानको धारा २५४ मा राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशमा समेत कार्यालयहरू खोल्न सक्ने व्यवस्था रहेको छ। सो बमोजिम आयोगले प्रदेश स्तरमा कार्यक्षेत्र विस्तार गर्न सकेमा दूरदराजका महिलाहरूले आयोगबाट सहज रूपले सेवा प्राप्त गर्ने देखिन्छ।

महिलाको हक, हितको संरक्षण र सम्बर्द्धन गरी राष्ट्रिय विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न तथा महिलाको समग्र विकास गरी लैंगिंक न्याय कायम गर्ने उद्देश्य अनुरूप स्थापित आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था नेपालको संविधान २०७२ तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले गरेको छ। संविधान र ऐनमा उल्लेखित दायित्व निर्वाहका लागि आयोगले पाँच वर्षे रणनीति तथा सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ।

## १.२. राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

### १.२.१ आयोगको गठन प्रक्रिया

नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था नेपालको संविधानको धारा २५२ मा उल्लेख गरिएको छ जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् । कम्तिमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्या वा महिला विकास वा मानव अधिकार र कानूनका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका महिला अध्यक्ष वा सदस्यको लागि योग्य हुनेछन । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिशमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र अध्यक्ष्य र सदस्यको पदावधि ६ वर्षको हुने व्यवस्था छ ।

### १.२.२ आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५३ मा उल्लेख भए अनुसार राष्ट्रिय महिला आयोगको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने;

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धि वा सम्झौता अर्न्तगतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने;

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने;

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धितकानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने;

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अर्न्तराष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने;

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बन्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरूद्ध मुद्धा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून वमोजिम अदालतमा मुद्धा दायर गर्न सम्बन्धितनिकाय समक्ष सिफारिस गर्ने ।

(२) आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(३) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

### १.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था दफा ३ अनुसार आयोगको थप जिम्मेवारी

संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने;

(ख) संविधान तथा कानून प्रदत्त महिलाका अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने;

(ग) महिला विरूद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने;

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरू बारे सम्बन्धित निकायलाई सिफारिस गर्ने;

(ङ) महिलाको हक हितको संरक्षण र सम्बर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने;

(च) महिला विरूद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने;

(छ) महिला विरूद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने;

(ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने;

(झ) सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने;

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

### १.२.४ आयोगको पञ्च वर्षीय रणनीतिक योजना

आयोगको पहिलो पञ्चवर्षीय रणनीतिक योजना (२०६६/०६७-२०७०/०७१) र दोस्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७१/०७२-२०७५/०७६) जारी भई सोको अवधि समाप्त भईसकेको छ । अघिल्ला दुईवटा रणनीतिक योजनाले केही अपेक्षित उपलब्धिहरू पनि हासिल गरेका छन् । आयोगले उक्त रणनीतिक योजनाहरूलाई मार्गदर्शकको रूपमा लिई यसका क्रियाकलापलाई वार्षिक कार्यक्रममा रूपान्तरण गरी कार्यान्वयन गर्ने नीति अङ्गीकार गरेको थियो । ती रणनीतिक योजनाहरूको कार्यान्वयनबाट आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गर्न र महिलाको क्षेत्रमा नेतृव्यदायी निकायको रूपमा संस्थागत गर्ने दिशामा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । संवैधानिक आयोगको रूपमा रहेको आयोगको आवश्यकता र औचित्यका आधारमा प्रादेशिक तहमा समेत आयोगको कार्यालय स्थापना गर्नका लागि पहल गरिरहेको छ । आयोगका कार्य पद्धतिलाई व्यवस्थित रूपमा सञ्चालन गर्न राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी आयोगको नियमावली र तेस्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७५–२०८०) मस्यौदा तयार गरिएको छ । आयोगमा पदाधिकारी बहालि पश्चात स्वीकृतीको प्रक्रिया अगाडी बढाइनेछ ।

राष्ट्रिय महिला आयोग-२०५८

# परिच्छेद २
## संगठनात्मक संरचना

### २.१. संगठनात्मक संरचना

नेपालको संविधानको भाग- २७ को धारा २५२ बमोजिम यस आयोगको कार्यक्षेत्र भित्रका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नको लागि राष्ट्रिय महिला आयोगको संगठन संरचना तयार भई कार्यान्वयनमा आएको छ । राष्ट्रिय महिला आयोगमा संविधान बमोजिम नियुक्ति हुने एकजना अध्यक्ष र चारजना सदस्यको अलवा यस आयोगको सचिवालयको स्वीकृत सँगठन संरचनामा राजपत्रांकित प्रथम श्रेणीको सचिव र निज मातहत ५ वटा शाखाहरू र ३९ जना कर्मचारीको व्यवस्था रहेको छ। संगठनात्मक संरचना देहाय बमोजिम रहेको छ :

**संगठन संरचना**




उल्लेखित स्थायी दरबन्दीका अतिरिक्त विश्व बैंकको सहयोगमा सञ्चालित Integrated Platform for Gender based Violence Prevention and Response in Nepal परियोजना अन्तरगत **खबर गरौं ११४५ हेल्पलाइन** सेवा समेत सञ्चालन गर्न आयोगमा निम्न पदमा १९ जना कर्मचारी करार सेवामा कार्यरत रहेका छन् :

| क्र.सं | पद | संख्या |
|---|---|---|
| १. | प्राविधिक सल्लाहकार (Technical Advisor) | १ |
| २. | मुद्दा व्यवस्थापक | १ |
| ३. | सूचना प्रविधि अधिकृत (IT Officer) | १ |
| ४. | मनोसामाजिक परामर्शदाता | १ |
| ५. | अनुगमन तथा मूल्यांकन व्यवस्थापक | १ |
| ६. | हेल्पलाईन व्यवस्थापक | १ |

| | | |
|---|---|---|
| ७. | संचार व्यवस्थापक | १ |
| ८. | कानून अधिकृत | १ |
| ९. | हेल्पलाईन अपरेटर | १० |
| १०. | कार्यालय सहयोगी | १ |

## २.२ पदपूर्तिको अवस्था

नेपाल सरकारबाट स्वीकृत स्थायी दरबन्दी अनुसार आयोगमा कूल ३९ जना कर्मचारी रहने व्यवस्था रहेको छ। जसमा राजपत्रांकित १३, राजपत्र अनंकित १२ र श्रेणीविहीन १४ दरबन्दी देहाय अनुसार रहेको छ।

| सि.नं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ३ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | १ | १ | - | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्वितीय | विविध | | १ | १ | - | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | - | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | - | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | - | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | २ | १ | १ | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैठौं/सातौं | स्वास्थ्य | | १ | - | १ | |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | - | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वास्थ्य | | १ | - | १ | |
| १५ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | विविध | | १ | - | १ | |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | १ | १ | |
| १७ | हेल्पलाईन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | - | २ | |
| १८ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ७ | - | |
| १९ | का.स./माली/स्वीपर/गार्ड | श्रेणी विहिन | | | ७ | ७ | - | |
| २० | जम्मा | | | | ३९ | ३२ | ७ | |

# परिच्छेद ३
## नेपालमा महिला सशक्तीकरण

### ३.१. अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं महिला सशक्तीकरणका लागि चालिएका कदम

महिलालाई सशक्तीकरण गर्दै विकासको मूलप्रवाहमा ल्याउने प्रयास स्वरूप विगतमा महिला विकासका विभिन्न अवधारणाहरूको अवलम्वन र प्रयोग हुँदै आएको छ । मानव अधिकारका प्रावधानहरू महिला र पुरूष सबैलाई समान रूपमा लागू हुने विषय हो तथापि महिलाहरुको विशेष अवस्थाका कारण महिला मानव अधिकारको विषयलाई अलग्गै उठाईने गरिन्छ। महिला अधिकारको विकासको इतिहास हेर्दा प्राचिनकालमा समाज मातृसत्तात्मक थियो । युरोप र मध्यपूर्वको इतिहासले त्यहाँ देवीको पूजा गरीन्थ्यो भन्ने पाइन्छ । सभ्यताको विकासक्रममा यो व्यवस्थामा परिवर्तन आयो र पुरूषको आधिपत्य स्थापित भयो । महिला अधिकारको संरक्षण  केवल अधिकार उल्लंघनमा सजाय गर्ने कार्य वा नकारात्मक अधिकारको प्रवर्द्धन गर्नु मात्र पर्याप्त हुँदैन । महिलाहरुको विशेष आवश्यकताको सम्बोधनका लागि सकारात्मक अधिकारहरूको पनि परिपूर्ति गरिनु पर्दछ। महिलाको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षणको विशेष पहल गरिनु पर्दछ। महिलाको शिक्षा, स्वास्थ्य, रोजगारीका अधिकारहरूको निर्वाध प्रयोग गर्न सक्ने गरी विशेष व्यवस्था गरिनुपर्दछ।

महिला अधिकार संरक्षणको विश्व इतिहासलाई हेर्दा महिला स्वतन्त्रताको सवालमा महिलाहरू विरूद्ध हुँदै आएका भेदभावलाई कानूनको माध्यमबाट संस्थागत गर्ने काम क्रमशः हुँदै आएको देखिन्छ। महिलाहरूले लामो समय सम्म मताधिकारको लागि लडाई लड्नु पऱ्यो। बेलायतमा सन् १८८९ मा महिला मताधिकारको लागि सङ्गठनको स्थापना भयो। यसले मताधिकारको लागि चलाएको अभियानको फलस्वरूप सन् १९२८ मा बेलायती महिलाले मताधिकार प्राप्त गरे । सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि महिलालाई समान अधिकार प्रदान गरिनुपर्छ भन्ने मान्यताको विकास भएको पाइन्छ। यसमा गरिएको समान अधिकारको घोषणालाई व्यवहारमा उतार्न महिला अधिकारवादीहरूले निरन्तर प्रयास र संघर्ष गर्नुपरेको छ। महिला अधिकारको संरक्षणको लागि सन् १९४८, १९७५, १९८०, १९८५ र १९९५ मा विश्व महिला सम्मेलनहरू भए । यी सम्मेलनहरूले महिला विरूद्धका भेदभावपूर्ण कानूनी प्रावधानहरूलाई परिमार्जन गर्नु पर्ने कुरामा निरन्तर जोड दिदैं आएका छन्।

संयुक्त राष्ट्रसंघको तत्वावधानमा भएका २४ वटा मानव अधिकार सम्बन्धी महासन्धि, घोषणापत्र र अनुबन्धहरूमा नेपालले हस्ताक्षर गरीसकेको छ।

नेपाल पक्षधर बनेका अन्तर्राष्ट्रिय महासन्धी, प्रतिज्ञापत्र र इच्छाधिन आलेखहरुको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ।

| सि. नं. | विवरण | ग्रहण गरिएको मिति | लागू भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कै. |
|---|---|---|---|---|---|
| १. | दासत्व महासन्धि १९२६ | २५ सेप्टेम्बर १९२६ | ९ मार्च १९२७ | ७ जनवरी १९६३ | सम्मिलन |
| २. | दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | २५ सेप्टेम्बर १९२६ | ७ डिसेम्बर १९५३ | ७ जनवरी १९६३ | सम्मिलन |

| सि. नं. | विवरण | ग्रहण गरिएको मिति | लागू भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कै. |
|---|---|---|---|---|---|
| ३. | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५६ | ७ सेप्टेम्बर १९५६ | ३० अप्रिल १९५७ | ७ जनवरी १९६३ | सम्मिलन |
| ४. | जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८ | ९ डिसेम्बर १९४८ | १२ जनवरी १९५१ | १७ जनवरी १९६९ | सम्मिलन |
| ५. | जीउ मास्ने, बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९ | २ डिसेम्बर १९४९ | २५ जुलाई १९५१ | २७ डिसेम्बर १९९५ | सम्मिलन |
| ६. | महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ | २० डिसेम्बर १९५२ | ७ जुलाई १९५४ | २६ अप्रिल १९६६ | सम्मिलन |
| ७. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ | २१ डिसेम्बर १९६५ | ४ जनवरी १९६९ | ३० जनवरी १९७१ | सम्मिलन |
| ८. | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | ३ जनवरी १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ९.. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| १०. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ११. | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | ३० नोभेम्बर १९७३ | १८ जुलाई १९७६ | १२ जुलाई १९७७ | सम्मिलन |
| १२. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ | १८ डिसेम्बर १९७९ | ३ सेप्टेम्बर १९८१ | २२ अप्रिल १९९१ | अनुमोदन |
| १३. | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ | १० डिसेम्बर १९८४ | २६ जुन १९८७ | १४ मे १९९१ | सम्मिलन |
| १४. | खेलकुदमा रङ्गभेदविरुद्धको अन्तराष्ट्रिय महासन्धि १९८५ | १० डिसेम्बर १९८५ | ३ अप्रिल १९८८ | १ मार्च १९८९ | अनुमोदन |
| १५. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधीन आलेख १९८९ | १५ डिसेम्बर १९८९ | ११ जुलाई १९९१ | ९ मार्च १९९८ | सम्मिलन |
| १६. | बालअधिकारसम्बन्धी महासन्धि १९८९ | २० नोभेम्बर १९८९ | २ सेप्टेम्बर १९९० | १४ सेप्टेम्बर १९९० | अनुमोदन |
| १७. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | ६ अक्टोबर १९९९ | २२ डिसेम्बर २००० | १५ जुन २००७ | अनुमोदन |
| १८. | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १२ फेब्रुअरी २००२ | ३१ अक्टोबर २००५ | अनुमोदन |

| सि. नं. | विवरण | ग्रहण गरिएको मिति | लागू भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कै. |
|---|---|---|---|---|---|
| १९. | बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १८ जनवरी २००२ | २० जनवरी २००६ | अनुमोदन |
| २०. | दक्षिण एशियामा बालकल्याण प्रवर्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २१. | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २२. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २३. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २४ | संयुक्त राष्ट्रसंघ अन्तर्गतको बहुराष्ट्रिय संगठित अपराध विरुद्धको महासन्धिअन्तर्गतको मानव बेचबिखन विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसार पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (पालेर्मो प्रोटोकल | १५ नोभेम्बर २००० | १६ जुन २०२० | १२ मार्च २०२० | अनुमोदन |

(स्रोत : महिला तथा बालबालिका विभागको आ. व २०७४।७५ वार्षिक प्रतिवेदनबाट साभार गरिएको ।)

साथै नेपाल अन्तर्राष्ट्रिय श्रम संगठनका विभिन्न महासन्धिको पनि पक्ष राष्ट्र भएको छ, जसको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ।

| सि. नं. | विवरण | नेपालले अनुमोदन गरेको मिति | कैफियत |
|---|---|---|---|
| १. | औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक विदा लागू गर्ने सम्बन्धी महासन्धि १९५७ (नं. १४) | १० डिसेम्बर १९८६ | |
| २. | सङ्गठन गर्ने र सामूहिक सौदावाजीसम्बन्धी सिद्धान्त प्रयोगसम्बन्धी महासन्धि १९४९ (नं. ९८) | ४ अक्टोबर १९९६ | |
| ३. | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धि १९५१ (नं. १००) | ६ अक्टोबर १९७६ | |
| ४. | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि १९५८ (नं. १११) | १९ सेप्टेम्बर १९७४ | |
| ५. | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि १९३० (नं. २९) | १३ सेप्टेम्बर २००१ | |
| ६. | विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी महासन्धि १९७० (नं. १३१) | १९ सेप्टेम्बर १९७४ | |
| ७. | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि १९७३ (नं. १३८) | ४ अक्टोम्बर १९९६ | |
| ८. | अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमतिसम्बन्धी महासन्धि १९७६ (नं. १४४) | २१ मार्च १९९५ | |

| सि. नं. | विवरण | नेपालले अनुमोदन गरेको मिति | कैफियत |
|---|---|---|---|
| ९. | बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि १९९९ (नं. १८२) | १३ सेप्टेम्बर २००१ | |
| १० | आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धि १९८९ (नं. १६९) | २४ अगष्ट २००७ | |

स्रोत : महिला तथा बालबालिका विभागको आ. व २०७४।७५ वार्षिक प्रतिवेदनबाट साभार गरिएको ।

## ३.२ नेपालको संविधान र कानुनहरूमा महिला अधिकार

नेपालको अन्तरिम शासन विधान २००४ ले पहिलो पटक महिला र पुरूषबीच समान कामको समान ज्याला सुनिश्चित गरी आर्थिक अधिकारलाई सम्बोधन गरेको थियो । त्यसै गरी नेपालको संविधान २०१९ मा कुनै पनि नागरीकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरीने छैन भनी समानताको हक सुनिश्चित गरिएको थियो । नेपालमा योजनावद्ध विकासको शुरूवात वि सं २०१३ देखि भएकोमा विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति पहि(लोपल्ट छैठौँ पञ्चवर्षीय योजना (वि सं २०३७-४२) मा समावेश गरिएको थियो । नेपालमा प्रजातन्त्रको पुर्नस्थापना वि.सं.२०४६ पश्चात महिला विकास र सशक्तीकरणका विषयमा व्यापक रूपमा चर्चा परिचर्चा हुँदै आएको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालको ईतिहासमा पहिलो पटक मौलिक हकको व्यवस्था गरेको थियो । महिला र पुरूषको सम्पत्तिमा समान हकको प्रत्याभूति, विभिन्न कारणले पछाडी परेका महिला वर्गको उत्थानका साथसाथै महिलाहरूको विकासको लागि राज्यले शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षाको विशेष व्यवस्था गरी महिलालाई राष्ट्रिय विकासको मूलधारमा सहभागी गराउने नीति अवलम्वन गरेको थियो ।

नेपालमा वि.सं.२०४६ सालमा भएको राजनीतिक परिवर्तन पश्चात् महिला अधिकारको सम्बन्धमा उल्लेख्य सुधार हुन थाल्यो । नेपाल अधिराज्यको संविधान २०४७ ले लिङ्गको आधारमा भेदभावपूर्ण बन्देज लगाइएको राजनीतिक दललाई निर्वाचन आयोगले दर्ता नगर्ने र प्रत्येक राजनीतिक दलले पाँच प्रतिशत अनिवार्य महिला उम्मेदवारको व्यवस्था गऱ्यो । यी व्यवस्थाहरू महिला अधिकार र समानताका लागि पर्याप्त नभएता पनि त्यस दिशामा नेपालको शुरूवाती प्रयास भन्न सकिन्छ । विद्यमान नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । वंशजको आधारमा नेपालको नागरीकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरीकता पाउने सबै नागरीक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरीने, सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरीने तर महिलाको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि लैंङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरीने, पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने जस्ता व्यवस्थाहरू गरिएको छन् । यसैगरी प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरूद्ध धार्मिक, सामाजिक,सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाज(न्य कार्य वा शोषण नगरीने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै  निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने जस्ता प्रावधानहरू रहेका छन् ।

संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि सबै जनआन्दोलन, सशस्त्र संघर्ष क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाईते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताकासाथ अवसर पाउने हक हुनेछ भनी उल्लेख गरिएको  छ । सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय, एकल महिला, अपांगता भएका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरीकलाई कानून बमोजिम सामाजिक सुरक्षाको

हक हुने प्रावधान रहेको छ। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था गरिएको छ। संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनुपर्ने व्यवस्था गरिएको छ।

नेपालको संविधानको विभिन्न भाग तथा धाराहरुमा महिला सम्बन्धमा भएका व्यवस्थाहरु संक्षिप्त रुपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | | | लैङ्गिक विभेद अन्त्य गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने |
| २ नागरिकता | १०. नागरिकताबाट वञ्चित नगरिने | १ | कुनै पनि नेपाली **नागरिकलाई** नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन। |
| | ११. नेपालको नागरिक ठहर्ने | २ | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति। |
| | | ३ | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ। |
| | | ५ | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानुन बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ। |
| | | ६ | नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ। |
| | | ७ | विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्वथायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।<br><br>तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ। |
| | १२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता | | यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान समितको नेपालको नागकिताको प्रमाणपत्र पाउन सक्नेछ। |

| | | | |
|---|---|---|---|
| भाग-३ मौलिक हक र कर्तव्य | १६. सम्मानपूर्वक बाँच्न पाउने हक | (१) | **प्रत्येक व्यक्तिलाई** सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ। |
| | १७. स्वतन्त्रताको हक | (१) | कानुन बमोजिम बाहेक कुनै पनि **व्यक्तिलाई** वैयक्तिक स्वतन्त्रता बाट वञ्चित गरिने छैन। |
| | १८. समानताको हक | (१) | सबै **नागरिक** कानुनको दृष्टिमा समान हुनेछन्। **कसैलाई** पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन |
| | | (२) | सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, **लिंग** वा अन्य कुनै आधारमा भेदभाव गरिने छैन। |
| | | (३) | राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, **लिंग वा** अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।<br>सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका **महिला,** लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न सकिने छ। |
| | | (४) | समान कामका लागि **लैंगिक आधारमा** पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन। |
| | | (५) | पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ। |
| | २१. अपराध पीडितको हक | (१) | **अपराध पीडितलाई** आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ। |
| | | (२) | **अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना** र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ। |
| | २८. गोपनीयताको हक | | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ। |
| | २९. शोषण विरुद्धको हक | (१) | प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। |
| | | (२) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। |
| | | (३) | कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। |
| | | (४) | कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन। |
| | | (५) | उपधारा (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |

| | | | |
|---|---|---|---|
| | ३३. रोजगारीको हक | (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुन बमोजिम हुनेछ। |
| | | (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ। |
| | ३८. महिलाको हक | (१) | प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ। |
| | | (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ। |
| | | (३) | महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| | | (४) | राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। |
| | | (५) | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। |
| | | (६) | सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ। |
| | | | |
| | ४२. सामाजिक न्यायको हक | (१) | सामाजिक रूपले पछाडि परेका महिला समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ। |
| | ४३. सामाजिक सुरक्षाको हक | | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ। |

| | | | |
|---|---|---|---|
| | ५१. राज्यका नीतिहरू | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति : | (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,<br><br>(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,<br><br>(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,<br><br>(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने,<br><br>(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,<br><br>(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,<br><br>(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,<br><br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने, |
| भाग-६ राष्ट्रपति र उपराष्ट्रपति | ७०. राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने । | | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा<br><br>समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ। |
| भाग-८ संघीय व्यवस्थापिका | ८४. प्रतिनिधि सभाको गठन | ८४.१(ख), २ र ८ | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधार मा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।<br><br>(८) संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य<br><br>संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ। |

| | | | |
|---|---|---|---|
| | ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | (२) | (क) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत<br>कम्तीमा एक जना महिला |
| | ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख | | प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र<br>उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ। |
| | ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष | (२) | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र<br>उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ। |
| भाग-१४ प्रदेश व्यवस्थापिका | १७६. प्रदेश सभाको गठन | (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ। |
| | | (९) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ। |
| | १८२. प्रदेश सभाको सभामुख र उपसभामुख | (२) | प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश<br>उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा<br>प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ। |
| भाग-१७ स्थानीय कार्यपालिका | २१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था | (४) | गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्ये बाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन्। |
| | २१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था | ४ | नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्ये बाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत नगर को ष कार्यपालिकाको लागि सदस्य हुने छन्। |
| | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति | ३ | जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। |
| भाग-१८ स्थानीय व्यवस्थापिका | २२२. गाउँ सभाको गठन | ३ | गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। |
| | २२३. नगर सभाको गठन | ३ | नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। |

| | | | |
|---|---|---|---|
| भाग-२७ अन्य अयोगहरू | २५२. राष्ट्रिय महिला आयोग | १ | नेपालमा एक **राष्ट्रिय महिला आयोग** रहनेछ। जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन्। |
| | | ६(क) | कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको महिला, |
| | २५३. राष्ट्रिय महिला अयोगको काम, कर्तव्य र अधिकार | १ | क) महिलाको हक हितसंग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने।<br>ख) महिलाको हक हितसंग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझाव दिने।<br>ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सवै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्यांकन गर्ने। त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,<br>घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासंग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,<br>ङ) महिला अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर ष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनद्र पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।<br>च) महिला हिंसा वा समाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्धा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्धा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने। |
| भाग - २८ राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था | २६७ नेपाली सेना सम्वन्धी व्यवस्था | ३ | नेपाली सेनामा महिला सहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानुना बमोजिम सुनिश्चित गरिनेछ। |
| भाग - २९ राजनीतिक दल सम्वन्धी व्यवस्था | २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | ४ (ग) | दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्वित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ। |

| | | | |
|---|---|---|---|
| भाग-३२ विविध | २८२. राजदूत र विशेष प्रतिनिधि | ६ | राष्ट्रपतिले **समावेशी सिद्धान्तको आधारमा** नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ। |
| | २८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने | १ | संवैधानिक अंग र निकायका पदमा नियुक्ती गर्दा **समावेशी सिद्धान्त** बमोजिम गरिनेछ |
| | २८५. सरकारी सेवाको गठन | १ | संघीय निजामती सेवा लगायत सवै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानुन बमोजिम **खुला र समानुपातिक समावेशी सिद्धान्तका** आधार मा हुनेछ। |

त्यसैगरी महिलाको अधिकारको प्रवर्द्धनको लागि नेपालमा विभिन्न कानूनको तर्जुमा गरिएको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न कसूरदारलाई कडा सजायको व्यवस्था गरेको छ। महिलाविरूद्ध हुने हिंसाहरू जस्तैः-जवरजस्ती करणी, शरीर बन्धक राख्ने जस्ता अपराधलाई राज्यविरूद्ध हुने गम्भीर फौजदारी अपराधको रूपमा वर्गीकरण गरी सरकारवादी मुद्दाको सूचीमा समावेश गरिएको छ। मुलुकी अपराध संहिता २०७४ ले करणी सम्बन्धि कसुरमा नयाँ व्यवस्था गरेको छ जस अनुसार अठार बर्ष भन्दा कम उमेरको कुनै बालिकालाई मन्जुरी लिएर भएपनि करणी गरेमा जवरजस्ती करणी हुने व्यवस्था छ। उक्त संहिताले महिलाको शारीरिक सुरक्षा र मर्यादा, वैयक्तिक स्वायत्तता, यौनजन्य हिंसाबाट सुरक्षा, प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकारको सुरक्षा, गर्भसंरक्षण र गर्भपतनमा महिलाको मन्जुरी हुनु पर्ने अधिकारवादी अवधारणा अघि सारेको छ। यसका साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५३, यातना सम्बन्धी क्षतिपूर्ती ऐन २०५३, राष्ट्रिय महिला आयोग ऐन २०७४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०७२, घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६ मा पनि महिला सुरक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरू गरिएको छन्। निजामती सेवा ऐन २०४९ मा निजामती सेवा प्रवेशको लागि पुरूषको हकमा ३५ वर्ष छ भने महिलाको अधिकतम उमेर ४० वर्ष तोकिएको छ।

नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति तथा कार्ययोजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिला अधिकार र महिला विरूद्धको हिंसा सम्बन्धी विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन्। लैङ्गिक हिंसा विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६६, महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धीको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६०, लैङ्गिक समानता र महिला सशक्तीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६१, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्य योजना २०६९, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६८ सो को कार्यान्वयन योजना २०७१ र विभिन्न आवधिक योजनाहरू यस सन्दर्भमा उल्लेखनीय छन्।

त्यसै गरी नेपालले मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी तयार गरिएको विभिन्न महासन्धिहरू लगायत महिला अधिकार विषयमा केन्द्रित महासन्धि र सम्मेलनहरूमा संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपालले सहभागिता जनाएको र प्रतिबद्धता जाहेर गरेको छ। नेपालले विभिन्न मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धी अनुमोदन गरीसकेको छ। यी दस्तावेजहरूमा लैङ्गिक विभेदलाई वर्जित गर्नुका साथै महिला र पुरूषलाई समानताको आधारमा व्यवहार गर्ने कुराको सुनिश्चितता गरिएको छ। यसका लागि नेपालले राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानुनहरू समेत पारीत गरी कार्यान्वयनमा ल्याई सकेको छ।

### ३.३ पन्ध्रौं योजना

महिला हक अधिकारको सम्बन्धमा छैठौं योजना देखि नै विशेष व्यवस्था गरिँदै आएकोमा क्रमशः पछिल्ला योजनाहरूमा लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चिता गर्ने; महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने; आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्ने लक्ष्य लिएको छ। ती लक्ष्यहरू प्राप्त गर्न महिलाहरूको हक अधिकार संरक्षणको लागि लैङ्गिक हिंसा निवारण लगायत आवश्यक

नयाँ कानूनहरूको निर्माण गर्ने; विभेदकारी कानूनहरूको परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने; महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करणविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाउने रणनीति लिएको छ।

महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक एवं संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। असहाय, अशक्त र जोखिममा परेका नागरीकहरूको संरक्षण गर्ने, शिक्षा र स्वास्थ्यलाई राज्यको जिम्मेवारी भित्र ल्याउँदै पहुँच सहितको गुणस्तरीय शिक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट विकास र समृद्धि हासिल गर्ने, कुनै पनि कारणले बीचैमा पढाई छोड्नु पर्ने अवस्थाको अन्त्य गर्ने जस्ता नीतिहरू अवलम्बन गरेको छ। साथै योजनाले सबैका लागि मर्यादित रोजगारीका अवसरहरू सृजना गर्ने, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रूपमा विकास गर्ने, विद्यमान कानून तथा संस्थागत व्यवस्थाहरूमा सुधार गर्ने र राज्यका सबै संरचनाहरूलाई अपाङ्गमैत्री बनाउने लगायतका रणनीतिहरू रहेका छन्।

## ३.४ संस्थागत व्यवस्था

महिला अधिकारको संवैधानिक तथा कानुनी व्यवस्थाका अतिरिक्त ती व्यवस्थाहरूको कार्यान्वयनका लागि देहाय बमोजिमको संरचनागत व्यवस्था भएको छ :-

- राष्ट्रिय महिला आयोग
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू
- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ स्थानीय तहमा महिला विकास ईकाई शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क विन्दु
- अर्थ मन्त्रालयमा लैङ्गिक उतरदायी बजेट समिति
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाहरुका लागि पुर्नस्थापना केन्द्र
- घरेलु हिंसाबाट पीडित तथा प्रभावित महिलाहरुका लागि सेवा केन्द्र
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान व्यूरो
- स्थानीय तहमा उप प्रमुख न्यायिक समितिको संयोजक रहने व्यवस्था
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानूनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिल
- बार एसोसियनबाट निःशुल्क कानूनी सहायता

## ३.५ नेपालमा महिलाको वर्तमान अवस्था

नेपालमा महिला अधिकारको क्षेत्रमा छोटो समयमा नै थुप्रै उपलब्धीहरू हासिल गरिएको भएता पनि अझै सम्म पनि महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरूषको तुलनामा पछाडी नै रहेका छन्। राज्यका सबै क्षेत्रहरूमा महिलाहरूको पहुँच र उपस्थिति न्यून रहेको छ। महिला विरूद्धको हिंसा, महिलालाई गरीने असमान व्यवहार, कुप्रथा तथा सामाजिक चलनहरू, छुवाछुत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोराको बढी महत्व, सम्पत्ति अधिकारका सम्बन्धमा विभेदपूर्ण व्यवहार, नागरीकताको पहुँचमा रहेको असमानता जस्ता कारणहरूले पनि महिलाहरूमाथि सामाजिक तथा साँस्कृतिक विभेदको विद्यमानता अहिले पनि रही रहेको छ। आज पनि देशमा विद्यमान लैङ्गिक भिन्नताका कारणले महिलाको स्तर पुरूषको दाँजोमा पछाडि परेको छ।

आज पनि देशमा विद्यमान लैङ्गिक असमानताका कारण महिलाहरुको, स्रोत, साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणहरूले महिलाको स्तर पुरूषको दाँजोमा पछाडि परेको छ। यसको बाबजुद वर्तमान अवस्थामा देशमा हुने हरेक परिवर्तनहरूसँगै महिलाका हक अधिकारको सुनिश्चितताका आवाजहरू उठ्न थालेका छन्। नेपालको संविधानले नै महिला अधिकारको संरक्षण र कानुनी उपचारको व्यवस्था गरेको छ। हाल महिला अधिकारको क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धीहरू तालिकामा प्रस्तुत गरीएको छ।

| क्र.सं. | विवरण | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | साक्षरता दर (२०६८ को जनगणना अनुसार) | ५७.४ | |
| २. | औषत आयु (२०१९ ) | ७१.५ बर्ष | युएनडिपि |
| ३. | मातृमृत्युदर (प्रति एक लाख जीवित जन्ममा) | २३९ जना | पन्ध्रौं योजनाको आधारपत्र |
| ४. | राजनीतिक नेतृत्वमा | ४२ प्रतिशत | |
| ५. | महिलाको स्वामित्वमा घर जग्गा सम्पत्ति (कुल जनसंख्यामा) | १९.७१ | |
| | ● शहरी क्षेत्रमा | २४.८७ | |
| | ● ग्रामीण क्षेत्रमा | १५.४१ | |
| ६. | रोजगारीमा रहेको महिलाको संख्या<br>● शहरी क्षेत्रमा<br>● ग्रामीण क्षेत्रमा | ७०<br><br>३० | रोजगारीमा रहेका कूल जनसंख्या ७०,८६,००० मध्ये महिलाको संख्या २६,४०,००० (स्रोत नेपाल श्रम शक्ति सर्भेक्षण २०७५/०७६) |
| ७. | मानव विकास सूचांक (२०१९) | ०.६०२ | यूएनडिपी |
| ८. | लैङ्गिक विकास सूचांक (२०१९) | ०.८९७ | यूएनडिपी |

### ३.६ न्यायपालिकामा महिला सहभागिता

न्यायपालिकाले न्यायिक सुधारका प्रयासहरूलाई योजनाबद्ध रूपमा अगाडि बढाउने स्पष्ट दृष्टिकोणका साथ नेपालको न्यायपालिकाको रणनीतिक योजना २०६१ साल देखि पञ्चवर्षीय योजना लागू गर्दै आएको छ। हाल कार्यान्वयनमा रहेको चौथो रणनीतिक योजनाले न्यायालयका विभिन्न तहमा महिला सहभागितालाई सुनिश्चिता गर्ने रणनीति पनि लिएको छ। सोही रणनीति बमोजिम विभिन्न कार्यहरू गर्दै आएको छ। यसबाट न्यायपालिकामा विभिन्न तहमा महिला सहभागिता क्रमशः उल्लेख्य संख्यामा बृद्धि भएको देखिन्छ। सर्वोच्च अदालतको आ.व. ०७५/७६ को वार्षिक प्रतिवेदनमा उल्लेख भए बमोजिम आ.व. ०७५/७६ मा न्यायपालिका अन्तर्गत कार्यरत अधिकृत जम्मा ८०९ रहेको जसमा ६५६ जना पुरूष रहेका थिए भने १५३ जना महिला कर्मचारी रहेको देखिन्छ। उक्त महिला कर्मचारीहरू मध्ये सहरजिष्ट्रार पदमा २ जना, उपरजिष्ट्रार वा सो सरहमा १८ जना र शाखा अधिकृत पदमा १३३ रहेको देखिन्छ।

न्यायपरिषद्को पछिल्लो तथ्यांक बमोजिम न्यायपालिकामा महिला न्यायाधीशको सहभागिता देहाय बमोजिम रहेको छः

| क्र.सं. | न्यायाधीश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | सर्वोच्च अदालत | | | |
| | प्रधान न्यायाधीश | १ | ० | १ |
| | न्यायाधीश | १५ | ३ | १८ |
| २. | उच्च अदालत | | | |
| | मुख्य न्यायाधीश | ४ | ० | ४ |
| | न्यायाधीश | १३१ | १६ | १४७ |
| ३. | जिल्ला अदालत | २३१ | ११ | २४२ |

श्रोतः न्याय परिषद् बुलेटिन

### ३.७ निजामती सेवामा महिला सहभागिता

नेपाल सरकारले सकारात्मक विभेदको नीति अवलम्वन गरेपश्चात निजामती सेवामा महिलाको सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको छ। आ.व. २०७६/०७७ आषाढ मसान्तसम्म निजामती सेवामा महिला सहभागिता २६.०७ प्रतिशत रहेको राष्ट्रिय किताबखाना (निजामती) को अभिलेखबाट देखिन्छ। निजामती सेवामा नीति निर्माण र निर्णय प्रक्रियामा सहभागी हुने सचिव र सहसचिव पदमा भने महिलाको सहभागिता क्रमश ४.२९ प्रतिशत र ७.६९ प्रतिशत रहेको छ।

**लोकसेवा आयोगको विज्ञापनबाट सिफारिश भएका महिलाहरूको संख्या**

| विज्ञापनको प्रकार | दरखास्त दिन लैङ्गिक विभेद नहुने पद | | | महिलाले मात्र दरखास्त दिने पद | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| आ.प्र. | ११ | १४ | २५ | - | ७ | ७ | ३२ |
| खुला | १६१ | १४२ | ३०३ | २२६ | १७ | २४३ | ५४६ |
| महिला | ३८७ | १७७ | ५६४ | ५७ | ४ | ६१ | ६२५ |
| आ.ज. | ४५ | २५ | ७० | ५१ | २ | ५३ | १२३ |
| मधेसी | १३ | ४ | १७ | ४० | ४ | ४४ | ६१ |
| दलित | १० | ६ | १६ | १९ | १ | २० | ३६ |
| अपाङ्ग | ५ | १ | ६ | ८ | १ | ९ | १५ |
| पि.क्षें | २ | - | २ | ८ | - | ८ | १० |
| जम्मा | ६३४ | ३६९ | १००३ | ४०९ | ३६ | ४४५ | १४४८ |

स्रोतः लोकसेवा आयोगको ६०औं वार्षिक प्रतिवेदनबाट साभार

**आर्थिक वर्ष २०६४/०६५ देखि आ.व. २०७५/०७६ सम्म विभिन्न ६ समावेशी समूहका विज्ञापनबाट भएको सिफारिस संख्या**

| आ.व. | समावेशी विज्ञापनबाट भएका सिफारिस | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे | जम्मा | खुला सिफारिस |
| २०७५ /०७६ | ६२५ | ५०९ | ४०९ | १६८ | ९५ | ७७ | १८८३ | २३९४ |
| २०७४/०७५ | १०८८ | ८५८ | ७११ | २९२ | १६३ | १३२ | ३२४४ | ४००७ |
| २०७३ /०७४ | १३८३ | १०२६ | ९०१ | ३८५ | १८९ | १४२ | ४०२६ | ५२७३ |
| २०७२/०७३ | ७९७ | ६२९ | ५०३ | २१३ | १०१ | ९५ | २३३८ | ३३०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७१ /०७२ | ६३९ | ५४७ | ४५४ | १६८ | ९५ | ७६ | १९७९ | २७८३ |
| २०७०/०७१ | ६२६ | ५०९ | ३८४ | १७३ | ९१ | ७१ | १८५४ | २७६७ |
| २०६९/०७० | ३७२ | ३१८ | २५४ | १०६ | ५१ | ३५ | ११३६ | १७०७ |
| २०६८ /०६९ | ३५२ | २८० | २१२ | ९९ | ४० | ३० | १०१३ | १८०५ |
| २०६७ /०६८ | ४७१ | ३७१ | ३०० | १०५ | ५९ | ४३ | १३४९ | २४८७ |
| २०६६ /०६७ | ४९५ | ३७८ | ३१९ | १४२ | ६४ | ४३ | १४३१ | २०८० |
| २०६५/०६६ | ११७ | ९४ | ९१ | ३६ | १५ | १२ | ३६५ | ८४० |
| २०६४/०६५ | ३६६ | २४५ | १८३ | ८४ | ३३ | १७ | ९२८ | २२२८ |
| **कूल जम्मा** | **७३३१** | **५७५४** | **४७२१** | **१२७१** | **९९६** | **७७३** | **२१५४६** | **३१६७१** |

स्रोत : लोकसेवा आयोगको ६०औं वार्षिक प्रतिवेदनबाट साभार

निजामती किताबखानाको वि. सं. २०७७ श्रावण महिनाको तथ्यांक अनुसार निजामती सेवामा कार्यरत पुरूष कर्मचारी र महिला कर्मचारीहरुका श्रेणी अनुसारको विवरण देहाय बमोजिम रहेको छ :

**निजामती सेवामा कार्यरत कर्मचारीहरूको तहगत विवरण संख्या**

| सि. नं. | श्रेणी /तह | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| १ | श्रेणी | ४३३५६ | ७८२३ | ५११७९ | ८४.७१ | १५.२९ | ५७.४ |
| | राजपत्रांकित | ११५३३ | १८३५ | १३३६८ | ८६.२७ | १३.७३ | १४.९९ |
| | विशिष्ट श्रेणी | ६७ | ३ | ७० | ९५.७१ | ४.२९ | ०.०८ |
| | रा.प.प्रथम श्रेणी | ५५२ | ४६ | ५९८ | ९२.३१ | ७.६९ | ०.६७ |
| | रा.प. द्बितीय श्रेणी | २९९० | २६५ | ३२५५ | ९१.८६ | ८.१४ | ३.६५ |
| | रा.प.तृतीय श्रेणी | ७९२३ | १५२१ | ९४४४ | ८३.८९ | १६.११ | १०.५९ |
| | विशिष्ट श्रेणी (मुख्य सचिव) | १ | ० | १ | १०० | ० | ० |
| | राजपत्र अनंकित | २०३२५ | ४७७९ | २५१०४ | ८०.९६ | १९.०४ | २८.१५ |
| | राजपत्र अनंकित | २०३२५ | ४७७९ | २५१०४ | ८०.९६ | १९.०४ | २८.१५ |
| | रा.प.अनं.प्रथम श्रेणी | ११९२५ | २५४४ | १४४६९ | ८२.४२ | १७.५८ | १६.२३ |
| | रा.प.अनं. द्बितीय श्रेणी | ७६१९ | २१५९ | ९७७८ | ७७.९२ | २२.०८ | १०.९७ |
| | रा.प.अनं. तृतीय श्रेणी | ३०० | १७ | ३१७ | ९४.६४ | ५.३६ | ०.३६ |
| | रा.प.अनं.चतुर्थ श्रेणी | ७४ | ४ | ७८ | ९४.८७ | ५.१३ | ०.०९ |
| | रा.प.अनं. पाँचौ श्रेणी | ४०७ | ५५ | ४६२ | ८८.१ | ११.९ | ०.५२ |
| | श्रेणी विहिन | ११४९८ | १२०९ | १२७०७ | ९०.४९ | ९.५१ | १४.२५ |
| २ | तह | २२५६२ | १५४२० | ३७९८२ | ५९.४ | ४०.६ | ४२.६ |
| | स्वास्थ | १२६६१ | ११८२७ | २४४८८ | ५१.७ | ४८.३ | २७.४६ |
| | अधिकृत एघारौं | ९७ | २५ | १२२ | ७९.५१ | २०.४९ | ०.१४ |
| | अधिकृत बारौं | ३ | ० | ३ | १०० | ० | ० |
| | अधिकृत दशौं | २२३ | ५६ | २७९ | ७९.९३ | २०.०७ | ०.३१ |
| | अधिकृत आठौं | ५९७ | २०१ | ७९८ | ७४.८१ | २५.१९ | ०.८९ |
| | अधिकृत नवौं | १४५ | ४२ | १८७ | ७७.५४ | २२.४६ | ०.२१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अधिकृत सातौं | ५८९ | २१६ | ८०५ | ७३.१७ | २६.८३ | ०.९ |
| | अधिकृत छैठौं | ३८७५ | १५९६ | ५४७१ | ७०.८३ | २९.१७ | ६.१४ |
| | बरिष्ठ पाँचौं | १२ | १७ | २९ | ४१.३८ | ५८.६२ | ०.०३ |
| | सहायक पाँचौं | ३६५४ | ४१८९ | ७८४३ | ४६.५९ | ५३.४१ | ८.८ |
| | सहायक पहिलो | | | | | | ० |
| | सहायक दोस्रो | ० | २ | २ | ० | १०० | ० |
| | सहायक तेस्रो | ४३ | ९६ | १३९ | ३०.९४ | ६९.०६ | ०.१६ |
| | सहायक चौथो | ३४२३ | ५३८७ | ८८१० | ३८.८५ | ६१.१५ | ९.८८ |
| | प्रदेश तथा स्थानिय तह | ९५६८ | ३५७१ | १३१३९ | ७२.८२ | २७.१८ | १४.७४ |
| | चौथो तह | २०६२ | १४३५ | ३४९७ | ५८.९६ | ४१.०४ | ३.९२ |
| | पाँचौं तह | ३४९६ | १४७९ | ४९७५ | ७०.२७ | २९.७३ | ५.५८ |
| | छैटौं तह | २६६९ | ४३६ | ३१०५ | ८५.९६ | १४.०४ | ३.४८ |
| | सातौं तह | ६२० | १५३ | ७७३ | ८०.२१ | १९.७९ | ०.८७ |
| | आठौं तह | ४९० | ५६ | ५४६ | ८९.७४ | १०.२६ | ०.६१ |
| | नवौं तह | १३६ | १० | १४६ | ९३.१५ | ६.८५ | ०.१६ |
| | दशौं तह | ९४ | २ | ९६ | ९७.९२ | २.०८ | ०.११ |
| | एघारौं तह | १ | ० | १ | १०० | ० | ० |

स्रोत : राष्ट्रिय किताबखाना (निजामती )

## ३.८ सुरक्षा निकायमा महिला सहभागिता

सुरक्षा क्षेत्रमा महिलाको सहभागितामा वृद्धि हुने क्रममा रहेको छ। विभिन्न सुरक्षा निकायहरुमा महिलाको सहभागिता निम्नानुसार रहेको छ :

### ३.८.१ नेपाल प्रहरीमा महिला सहभागिता

| सि. नं. | दर्जा | संख्या |
|---|---|---|
| १. | प्रहरी अतिरिक्त महानिरीक्षक | १ |
| २. | प्रहरी नायव महानिरीक्षक | ० |
| ३. | प्रहरी वरिष्ठ उपरीक्षक | ७ |
| ४. | प्रहरी उपरीक्षक | ८ |
| ५. | प्रहरी नायव उपरीक्षक | २७ |
| ६. | प्रहरी निरीक्षक | १११ |
| ७. | प्रहरी नायव निरीक्षक | २९६ |
| ८. | प्रहरी सहायक निरीक्षक | ४७२ |
| ९. | प्रहरी हवल्दार | ९६४ |
| १०. | प्रहरी जवान | ४५२९ |
| ११. | प्रकास | ४२५ |
| | जम्मा | ६८४० |

स्रोत : प्रहरी प्रधान कार्यालय

### ३.८.२ सशस्त्र प्रहरी बलमा महिला सहभागिता

| सि. नं. | दर्जा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सशस्त्र प्रहरी उपरीक्षक | ३ | |
| २ | सशस्त्र प्रहरी नायव उपरीक्षक | १६ | |
| ३ | सशस्त्र प्रहरी निरीक्षक | ४६ | |
| ४ | सशस्त्र प्रहरी नायव निरीक्षक | ८१ | |
| ५ | सशस्त्र प्रहरी सहायक निरीक्षक | ३१ | |
| ६ | सशस्त्र प्रहरी बरिष्ठ हवल्दार | २४ | |
| ७ | सशस्त्र प्रहरी हवल्दार | १३८ | |
| ८ | सशस्त्र प्रहरी सहायक हवल्दार | ३०९ | |
| ९ | सशस्त्र प्रहरी जवान | २०४५ | |
| १० | सशस्त्र प्रहरी परिचर | २३६ | |
| | जम्मा | २९२९ जना | |

स्रोत : सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय

### ३.८.३ नेपाली सेनामा महिला सहभागिता

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | रथिबृन्द | ४ |
| २ | अधिकृत | ४१५ |
| ३ | पदिक | ३८१ |
| ४ | अन्य दर्जा | ४९०९ |
| ५ | फलोअर्स | २७४ |
| ६ | सैन्य | १८ |
| | जम्मा | ६००१ |

स्रोत : नेपाली सेना, प्रधान कार्यालय

### ३.९ नेपालमा महिला विकास र सशक्तीकरणका लागि चालिएका कदमसम्बन्धी मुख्य घटनाहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०१३ (१९५६ ई.) | ● महिला प्रशिक्षण केन्द्रको स्थापना | |
| २०२९ (१९७२ ई.) | ● महिला शिक्षा परियोजना लागू तथा सञ्चालन गर्न शिक्षा तथा समाजकल्याण मन्त्रालयमा छुट्टै एकाइ खडा | |
| २०३० (१९७३ ई.) | ● तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमितिअन्तर्गत महिला सीप विकास परियोजना सञ्चालन | |
| २०३२ (१९७५ ई.) | ● आमा मिलन केन्द्रको स्थापना | |
| २०३३ (१९७६ ई.) | ● समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १९५१ (नं. १००) लाई नेपालको अनुमोदन | अनुमोदन मिति : ६ अक्टोबर १९७६ |

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०३४ (१९७७ ई.) | ● तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद अन्तर्गत नारी सेवा समन्वय समिति गठन | |
| २०३६ (१९७९ ई.) | ● नेपालमा महिलाहरूको मर्यादास्तर (The Status of Women in Nepal) अध्ययन | |
| २०३७ (१९८० ई.) | ● छैठौं पञ्चवर्षीय योजना (२०३७-४२) मा पहिलोपल्ट **'विकास कार्यमा महिला सहभागिता प्रवर्धन'** गर्ने छुट्टै नीति समावेश | |
| २०३८ (१९८१ ई.) | ● तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा खडा<br>● साना किसान विकास कार्यक्रम अन्तर्गत महिला कार्यक्रम सञ्चालन | |
| २०३९/४० (१९८२/८३ ई.) | ● महिला विकास कार्यक्रम प्रारम्भ | |
| २०४२ (१९८५ ई.) | ● तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति राष्ट्रिय कार्ययोजना तर्जुमा | |
| २०४४ (१९८७ ई.) | ● श्रम मन्त्रालयमा महिला महाशाखा खडा | |
| २०४७ (१९९० ई.) | ● महिला विकास शाखाको महाशाखामा स्तरोन्नति | |
| २०४८ (१९९१ ई.) | ● महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ लाई नेपालको अनुमोदन | अनुमोदन मिति : २२ अप्रिल १९९१ |
| २०४९ (१९९२ ई.) | ● कृषि मन्त्रालयमा महिला कृषक महाशाखा खडा<br>● आठौं पञ्चवर्षीय योजना (२०४९-५४) मा लैङ्गिक मूल प्रवाहीकरणको नीति अवलम्बन | |
| २०५० (१९९३ ई.) | ● जल तथा शक्ति आयोगको सचिवालयमा एकाइ खडा<br>● राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा खडा | |
| २०५२ (१९९५ ई.) | ● महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना<br>● महिला सीप विकास समिति गठन तथा २०३० सालदेखि सञ्चालित सीप विकास परियोजनालाई समिति अन्तर्गत सीप विकास केन्द्रको रूपमा स्थापना गरी सञ्चालन गर्ने व्यवस्था | स्थापना मिति : २०५२/६/६ |
| २०५२ (१९९६ ई.) | ● नेपाल प्रहरीमा महिला एकाइ (Cell) खडा | प्रहरी प्रधान कार्यालयका साथै ४ वटा जिल्ला कार्यालयहरूबाट प्रारम्भ |
| २०५४ (१९९७ ई.) | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति | |

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०५५ (१९९८ ई.) | **स्थानीय स्वायत्त शासन ऐन जारी :**<br>- गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडामा एकजना निर्वाचित महिला वडा सदस्य रहने प्रावधान<br>- गाउँ परिषद्मा एकजना, जिल्ला परिषद्मा एकजना र नगर परिषद्मा कम्तीमा ४० प्रतिशत गरी मनोनीत सदस्यमध्ये पनि महिला प्रतिनिधित्वको सुनिश्चितता<br>- गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा एक-एकजना महिला सदस्य मनोनीत हुनुपर्ने शर्त | |
| २०५६ (१९९९ ई.) | ● महिला जागृति तथा आयआर्जन कार्यक्रम लागू<br>● महिला विकास महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला तथा समाजकल्याण मन्त्रालय अन्तर्गत राख्ने व्यवस्था | |
| २०५७ (२००० ई.) | ● महिला तथा समाजकल्याण मन्त्रालयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय नामाकरण<br>● महिला विकास महाशाखा महिला विकास विभागमा परिणत | निर्णय मिति : २०५७/३/२६ |
| २०५८ (२००१ ई.) | ● राष्ट्रिय महिला आयोगको गठन<br>● राष्ट्रिय जनगणनाको लैङ्गिकीकरण<br>● नेपाल प्रहरीको महिला एकाइलाई महिला तथा बालबालिका सेवा केन्द्र नामाकरण | डिसेम्बर २००८ मा केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रको निर्देशनालयमा स्तरोन्नति; हाल सबै जिल्लामा सेवा केन्द्र विस्तार |
| २०५९ (२००२ ई.) | विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-बिन्दु (Focal-points) तोक्ने व्यवस्था | |
| २०६० (२००३ ई.) | ● नेपाल सरकारबाट महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजनाको स्वीकृति<br>● जिल्लास्थित महिला विकास शाखा महिला विकास कार्यालयमा परिणत<br>● नेपाल सरकारबाट जिल्लास्थित महिला विकास शाखालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्कसूत्र, सहजकर्ताको भूमिका निर्वाह गराउने सम्पर्क निकाय (Focal Agency) तोक्ने निर्णय | निर्णय मिति : २०६०/९/१७<br>निर्णय मिति : २०६०/१२/२६<br>निर्णय मिति : २०६०/४/५ |
| २०६१ (२००४ ई.) | ● नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति<br>● नेपाल सरकारबाट लैङ्गिक तथा बालअधिकारको मूलप्रवाहीकरण कार्यनिर्देशिका (जिल्लास्तर) को स्वीकृति : स्थानीयस्तरमा पनि लैङ्गिक सम्पर्क-बिन्दुहरू (Focal-points) तोक्नुपर्ने व्यवस्था<br>● सम्पत्तिमा महिलाको स्वामित्व वृद्धि गर्ने दृष्टिकोणले महिलाको नाममा दर्ता हुने जग्गाको दर्ता दस्तुरमा १० प्रतिशत छूट दिने नीति | निर्णय मिति : २०६१/५/३१<br>आ.व. २०६१/६२ को बजेट वक्तव्य |

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०६२ (२००५ ई.) | ● लैङ्गिक-उत्तरदायी बजेट (Gender-responsive Budget) अग्रसरता<br>● वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ लाई नेपालको अनुमोदन<br>● महिला जागृति तथा आयआर्जन कार्यक्रम महिला विकास कार्यक्रममा नै एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था | आ.व. २०६२/६३ को बजेट वक्तव्य<br><br>अनुमोदन मिति : ३१ अक्टोबर २००६ |
| २०६२ (२००६ ई.) | ● महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ लाई नेपालको अनुमोदन | अनुमोदन मिति : १८ डिसेम्बर २००६ |
| २०६३ (२००६ ई.) | ● प्रतिनिधि सभाको घोषणा जारी : राज्य संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प<br>● नेपालको अन्तरिम संविधान जारी : महिलाका मौलिक हकको प्रत्याभूति<br>● गाविस अनुदानको न्यूनतम ५ प्रतिशत विपन्न वर्गका महिलालाई प्रत्यक्षतः फाइदा पुग्ने आयोजनाहरूका लागि छुट्याउनुपर्ने व्यवस्था<br>● नेपाल सरकारबाट छाउपडी प्रथालाई कुरीति घोषणा<br>● लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी | निर्णय मिति : २०६३/१/२६<br><br>प्रमाणीकरण मिति : २०६३/७/१७ |
| २०६३ (२००७ ई.) | ● राष्ट्रिय महिला आयोग ऐन जारी | प्रमाणीकरण मिति : २०६३/९/३० |
| २०६४ (२००७ ई.) | ● मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) ऐन जारी<br>● निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधन :<br>- निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्ट्याएर छुट्ट्याइएको ४५ प्रतिशतलाई शतप्रतिशत मानी सोको ३३ प्रतिशत पदमा महिला उम्मेदवारबीच मात्रको प्रतियोगिताद्वारा पूर्ति गर्ने प्रावधान<br>- महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्ने प्रावधान | प्रमाणीकरण मिति : २०६४/४/८<br>लालमोहर र प्रकाशन मिति : २०६४/४/२३ |
| २०६५ (२००८ ई.) | ● नेपाल सरकारद्वारा स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू जारी : स्थानी यस्तरमा गठन हुने शान्ति समितिमा कम्तीमा एक-तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था<br>● मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) नियमावली<br>● राष्ट्रिय महिला आयोग नियमावली तर्जुमा | |
| २०६६ (२००९ ई.) | ● स्थानीय विकास मन्त्रालय र अन्तर्गतका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको स्वीकृति : गाविस विकास अनुदानको १५ प्रतिशत महिला र बालबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्ट्याउनुपर्ने व्यवस्था<br>● घरेलु हिंसा (कसूर र सजाय) ऐन | प्रमाणीकरण मिति : २०६६/१/१४ |

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०६७ (२०१० ई.) | • महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र जिल्लास्थित महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामाकरण<br>• घरेलु हिंसा (कसूर र सजाय) नियमावली तर्जुमा<br>• लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली तर्जुमा<br>• त्रिवर्षीय योजना (२०६७/६८ – २०६९/७०) मा महिला विकास कार्यक्रमलाई देशका सबै गाविसमा विस्तार गर्ने कार्यनीतिका साथै परिमाणात्मक लक्ष्य | निर्णय मिति : २०६७/६/१२ |
| २०६७ (२०११ ई.) | • नेपाल सरकारबाट संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८ –२०७१/७२) को स्वीकृति<br>• लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ | |
| २०६८ | • पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८<br>• पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८<br>• मानव बेचविखन विरुद्धको अभियानमा संलग्न सरोकारहरुकालागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८ | |
| २०७० | • एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० | |
| २०७१ | • एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१<br>• कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१<br>• मानव बेचविखन विशेष गरी महिला तथा बालबालिकाहरुको बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१ | प्रमाणीकरण मिति : २०७१/८/५ |
| २०७२ | • लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्यगर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२<br>• बोक्सी आरोपविरुद्धको कसूर र सजाय ऐन, २०७२<br>• बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ | प्रमाणीकरण मिति : २०७२/६/१४ |
| २०७३ | • एकल महिला सुरक्षा कोष संचालन मापदण्ड (संशोधन), २०७३ | |
| २०७४ | • राष्ट्रिय महिला आयोग ऐन २०७४<br>• अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४<br>• कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धि आचारसंहिता, २०७४<br>• मुलुकी देवानी (संहिता) ऐन, २०७४<br>• मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ | |
| २०७५ | • महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०७५<br>• सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धि ऐन, २०७५<br>• बालबालिका सम्बन्धि ऐन, २०७५ | प्रमाणीकरण मिति : २०७५/०६/०२ |
| २०७७ | अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धि नियमावली, २०७७<br>सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धि नियमावली, २०७७ | २०७७/०५/१<br>२०७७/०६/२६ |

स्रोतः महिला तथा बालबालिका विभागको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदनबाट साभार गरिएको ।

# परिच्छेद ४
## आयोगका प्रमुख कार्यक्रमहरू

### ४.१ आयोगबाट सञ्चालित प्रमुख कार्यक्रमहरू

राष्ट्रिय महिला आयोगले आफ्नो स्थापनाकाल देखि नै महिला हकहितको संरक्षण र सम्बर्द्धन तथा महिलाको सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू गर्दै आएको छ। आयोगका प्रमुख कार्यक्रमहरू निम्नानुसार रहेका छन् :

| क्र.सं | उद्देश्य | | नियमित कार्यक्रमहरू |
|---|---|---|---|
| १. | जनचेतना अभिवृद्धि | १. महिला हकहितको संरक्षण र सम्बर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।<br>२. महिला विरूद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने। | • सार्वजनिक सुनुवाई<br>• विद्यालय तहमा महिला अधिकार कार्यक्रम<br>• प्रथा परम्परा तथा सामाजिक कुरीतिका कारण महिलामाथि हुने हिंसा सम्बन्धमा छलफल<br>• विभिन्न सरोकारवाला निकायहरूसँग छलफल |
| २. | अनुगमन तथा अध्ययन, अनुसन्धान | १. महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानूनको पालना भए नभएको अनुगमन गरी नीतिगत सुझाव तयार पार्ने।<br>२. नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको अनुगमन गरी सुझाव दिने।<br>३. सरकारी गैरसरकारी वा नीजि क्षेत्रको अनुगमन गरी सुझाव दिने।<br>४. महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न लागू गरिएको नीति तथा कार्यक्रमको मूल्याङ्कन गर्ने।<br>५. महिलाहरूको समुचित विकास तथा लैङ्गिक समानता कायम गर्न महिलाहरूका लागि सञ्चालित कार्यक्रमहरू, रोजगारीका अवसरमा महिलाको पहुँच स्थापना, राज्यका विभिन्न निकायमा महिला सहभागिता अभिवृद्धि, अन्तराष्ट्रिय प्रतिवद्धताको पालना, संविधान प्रदत्त हक अधिकारको प्रचलन लगायतका विषयमा अध्ययन अनुसन्धान गरी भावी कार्यदिशाका लागि नेपाल सरकारलाई सुझाव प्रदान गर्ने। | |

| | | | |
|---|---|---|---|
| ३. | उजुरी व्यवस्थापन | हिंसा पीडित महिला तथा बालिकालाई निःशुल्क कानुनी परामर्श तथा सहयोग। | महिला हिंसा सम्बन्धी दैनिक उजुरी व्यवस्थापन तथा अन्य निकायमा सिफारिस। |
| ४. | दातृ निकायको सहयोगमा संचालित कार्यक्रमहरू | १. **खबर गरौं ११४५ हेल्पलाईन** सेवा संचालन<br>२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उल्मुलन महासन्धि समितिले नेपालको छैठौं प्रतिवेदन उपर दिएका निष्कर्ष र सुझावको कार्यान्वयनको अवस्थाको अध्ययन | १. लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (सम्बोधन) विश्व बैंक<br>२. Technical Support to National Machinery on Monitoring the Implementation of CEDAW Concluding Observations परियोजना UN Women |

## ४.२ दातृ निकायहरूको सहयोगमा संचालित कार्यक्रम

### ४.२.१ लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना **(Integrated Platform for Gender based Violence Prevention and Response in Nepal Project** (सम्बोधन)

घरेलु हिंसा र महिला हिंसाका घटनाहरूको उजुरी सुन्ने जिम्मेवारी यस आयोगको रहेको र उजुरी सुन्ने प्रक्रियालाई व्यवस्थित गरी एकै ठाँउबाट सम्बोधन गर्न र रोकथामका कार्यक्रमहरू सञ्चालन गर्नका लागि विश्व बैंकको सहयोगमा आयोगबाट लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (Integrated Platform for Gender based Violence Prevention and Response in Nepal Project) सञ्चालन भईरहेको छ। यस परियोजनाबाट महिला माथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालबालिकाहरूलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले **खबर गरौं ११४५ हेल्पलाईन** सेवाको थालनी गरिएको थियो। हेल्पलाईन सेवा डिसेम्बर १०, २०१७ (मंसिर २४, २०७४) मा विधिवत शुरूवात भई हालसम्म निरन्तर सञ्चालित छ। हेल्पलाईनमा निःशुल्क रुपमा सिधै फोन गरेर, एसएमएस गरेर, स्वंय उपस्थित भएर, ईमेल ठेगाना info@nwc.gov.np/info@nwchelpline.gov.np वा वेबसाईट www.nwc.gov.np बाट पनि निवेदन दिन सकिने व्यवस्था गरिएको छ। यस परियोजना अन्तर्गत हेल्पलाईनका साथै लैङ्गिक हिंसा रोकथामका लागि विभिन्न कार्यक्रमहरू समेत सञ्चालन भईरहेका छन्।

यस हेल्पलाईनबाट महिला हिंसा विरूद्ध कार्य गरीरहेका विभिन्न सेवा प्रदायक सरकारी तथा अन्य संघसंस्थाहरूको समन्वय र सहकार्यमा पीडितलाई कानुनी सहयोग, मनोसामाजिक मनोविमर्श, अल्पकालीन आश्रय सेवा, स्वास्थ्य उपचार, बालबालिकाहरूको लागि विशेष सेवा, सामाजिकीकरण, पुनःस्थापना लगायतका सेवा र सुविधाहरू उपलब्ध गराइँदै आएको छ। **खबर गरौं ११४५ हेल्पलाईन** सञ्चालनबाट आयोगले महिला माथि हुने हिंसाको सम्बोधन तथा महिला अधिकार संरक्षण सम्बन्धी गर्दै आएको काम कार्यवाहीलाई अझ व्यवस्थित तथा प्रभावकारी बनाउन सहयोग पुगेको छ। हेल्पलाईनको माध्यमबाट हजारौं पीडित महिला तथा बालबालिकाहरूलाई प्रत्यक्ष लाभ पुगेको हुदाँ यो माध्यम प्रभावकारी मानिएको छ।

नेपाल सरकार र विश्व बैंकबीच सन् २०१६ अप्रिलमा ३ वर्षको लागि सम्झौता भएको यस परियोजनाको म्याद थप भई जनवरी १५, २०२१ सम्म कायम भएको छ। हेल्पलाईन सेवाको संस्थागतीकरण भई नसकेको अवस्थामा यसको आवश्यकता र महत्वलाई ध्यानमा राखी २०७८ आषाढ मसान्त सम्मको लागि परियोजनाको म्याद थप गर्ने प्रक्रियामा रहेको छ। जम्मा बजेट रू. १३,००,००,०००। (तेह्र करोड नेपाली रुपयाँ) रहेको यो परियोजना को खर्च गर्ने प्रक्रिया शोधभर्ना प्रणालीमा आधारित रहेको छ।

४.२.१.१ परियोजनाको उद्देश्य

आयोगबाट पहिलो पटक निःशुल्क हेल्पलाईन सेवा सञ्चालनको व्यवस्था गरिएको यो परियोजनाको उद्देश्य देहाय बमोजिम रहेको छ :-

(क) हेल्पलाईन मार्फत दक्ष र प्रभावकारी सेवा प्रवाहमा अभिवृद्धि
(ख) लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी विषयहरुको सम्बोधन र पैरवीका लागि राष्ट्रिय महिला आयोगको क्षमता अभिवृद्धि
(ग) परियोजनाको क्षेत्रमा लैङ्गिकतामा आधारित हिंसा र अधिकारबारे सचेतना अभिवृद्धि
(घ) परियोजनाको क्षेत्रका व्यक्ति र प्रमुख सरोकारवाला निकायहरुको लैङ्गिक न्यायसँगत व्यवहारमा अभिवृद्धि

४.२.१.२ परियोजनाको कार्यक्षेत्र तथा सेवा प्रवाहको क्षेत्र

यो परियोजनाको शुरुवाती कार्यक्षेत्र काठमाडौं, ललितपुर, भक्तपुर र नुवाकोट गरी ४ जिल्ला रहेकोमा हेल्पलाईन सेवा विस्तारको आवश्यकता महसुष गरी पछिल्लो चरणमा परियोजनाको कार्यक्षेत्र नेपालभरी नै विस्तार गरिएको छ । खासगरी **खबर गरौं ११४५ हेल्पलाईन** सेवाको विस्तार र प्रभावकारीता अभिवृद्धिमा जोड दिदैं परियोजनाबाट साझेदार संस्था तथा सरोकारवाला निकायसँगको समन्वयमा निम्नानुसार सेवा प्रवाहको व्यवस्था मिलाइँदै आएको छ ।

- घरेलु हिंसा तथा महिला हिंसा पीडित र प्रभावित महिला, बालबालिकाको उद्धार, राहत, संरक्षण, अल्पकालिन आवास, कानुनी सहयोग, मध्यस्थता, मेलमिलाप, स्वास्थ्य सेवा र मनोविमर्श सेवा प्रदान गर्ने ।
- सरोकारवाला निकाय तथा संस्थाहरूको सहकार्यमा हिंसा पीडित र प्रभावित महिला तथा बालिकाको सामाजिक तथा पारिवारिक पुनःएकीकरण गर्ने ।
- महिला तथा बालबालिकालाई नियोजित रूपमा हिंसापूर्ण व्यवहार गर्ने तथा गराउने व्यक्ति वा समूहका विरूद्ध कानुनी कारवाहीको पहल गर्ने ।
- घरेलु तथा महिला हिंसा विरूद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने ।

४.२.१.३ परियोजनाका साझेदार संस्थाहरु र प्रदान गरीने सेवा

| साझेदारी संस्थाहरू | सेवाहरु |
|---|---|
| कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) | कानुनी परामर्श र निःशुल्क कानुनी सेवा |
| साथी | आश्रयस्थल, मनोसामाजिक परामर्श, विभिन्न किसिमका सीपमूलक तालिम |
| सिविन | बालबालिकालाई आवास सहयोग, मनोसामाजिक परामर्श, शिक्षामा सहयोग |
| टि.पि.ओ. नेपाल | मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य सम्बन्धी सहयोग, कानुनी सेवा |
| नेपाल बार एसोसियसन | निःशुल्क कानुनी सहायता |
| मानव सेवा आश्रम | आश्रयस्थल, मनोपरामर्श |

४.२.२ **Technical Support to National Machinery on Monitoring the Implementation of CEDAW Concluding Observations** परियोजना

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी, १९७९ (CEDAW) को नेपाल पक्षराष्ट्र बने पश्चात नेपालले सो समितिमा CEDAW कार्यान्वयन सम्बन्धी ६ वटा प्रतिवेदन पठाई उक्त प्रतिवेदन उपर समितिले निष्कर्ष र सुझाव पनि दिइसकेको छ । उक्त निष्कर्ष र सुझावमा उल्लेख गरिएको विषयको कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व रहेको हुन्छ र अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी सो सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन सक्ने राष्ट्रिय महिला आयोगको क्षेत्राधिकार समेत रहेको छ । सोही बमोजिम आयोगले UN Women को सहयोगमा CEDAW महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष र सुझावको कार्यान्वयनको अवस्थाबारे अध्ययन गरि स्थिति प्रतिवेदन (Status Report) तयार गर्नका लागि प्रदेशमा अन्तरक्रिया कार्यक्रमका साथै प्रदेश सम्पर्क व्यक्तिहरूका मार्फत सूचना संकलन गर्ने कार्य गर्दै आएको छ ।

आयोगले उक्त विषयमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने उद्देश्य स्वरूप CEDAW समितिबाट प्राप्त निष्कर्ष र सुझावको कार्यान्वयन गर्नको लागि अनुगमन संरचना र कार्यहरूको सूची तयार गरेको छ। उक्त विषयका सम्बन्धमा प्रदेशस्तरीय र एउटा राष्ट्रिय स्तरको छलफल गरी सुझावहरू संकलन गर्ने उद्देश्य राखेको छ। यस कार्यलाई थप प्रभावकारी बनाउनका लागि ११ सदस्यीय निर्देशन समितिको गठन गरिएको छ जसमा ६ जना महिला, ४ जना पुरूष र १ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिनिधि रहेका छन्। उक्त कार्यसमितिमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, महिला कानून र विकास मञ्च (FWLD), दलित महिला संघ, अपाङ्ग महासंघ, निलहिरा समाज, राष्ट्रिय आदिवासी महिला समाज सदस्यका रूपमा रहेका छन्। ८ जुलाई २०१९ मा सम्झौता भएको यस परियोजनाको जम्मा बजेट रू. ४९,०७,०२०।०० रहेको छ र यो परियोजना सोझै भुक्तानी खर्च प्रक्रियामा आधारित रहेको छ।

# परिच्छेद ५
## आयोगको शाखागत परिचय

### ५.१. प्रशासन तथा योजना शाखा

आयोगले प्रशासन तथा योजना शाखा मार्फत दैनिक प्रशासनिक कार्यका अतिरिक्त प्रशासन सुदृढिकरणका कार्यक्रम गर्दै आएको छ। प्रशासन उपसचिवको नेतृत्वमा रहेको यस शाखाले आयोगको सम्पूर्ण कर्मचारीको व्यवस्थापन गर्ने प्रमुख काम गर्दछ। उल्लेखित कामका अतिरिक्त वर्षभरी कार्यालय व्यवस्थापन, सवारीसाधन र अन्य सामग्री खरिद, कार्यालय भवन, थप कर्मचारी व्यवस्थापन, आन्तरिक तालिम, क्षमता अभिवृदि कार्यक्रम भएका छन्। यस आ.व. २०७६ /०७७ मा महिला अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रचारात्मक र उपचारात्मक कार्यहरू भएका छन्। यस शाखाले गर्ने प्रमुख कार्यहरू निम्न बमोजिम रहेको छः

- आयोगको कर्मचारी प्रशासन सम्बन्धी कार्य;
- प्रचलित कानून बमोजिम खरिद, जिन्सी निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू;
- सूचना व्यवस्थापन सम्बन्धी कार्य;
- आयोगको वार्षिक तथा रणनीतिक योजना सम्बन्धी कार्य;
- योजना अनुगमन सम्बन्धी काम आदि।

### ५.२ महिला विकास समन्वय शाखा

महिला सशक्तीकरण तथा महिलाविरूद्ध हुने हिंसालाई समष्टिगत रूपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी बोकेको यस शाखामा प्रमुख महिला विकास अधिकृत, महिला विकास अधिकृत र महिला निरिक्षकको दरवन्दी रहेको छ। यस शाखाले महिला हिंसाका घटना हुन नदिनका लागि सचेतना अभियान सञ्चालनगर्दै आएको छ भने हिंसाका घट्नाहरूलाई न्यायिक उपचारका लागि पहल तथा अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गर्दै आएको छ। महिला हिंसाका घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थापना गरिएको संयन्त्रहरूको अनुगमन तथा पृष्ठपोषणको कार्य पनि गर्दै आएको छ।

महिला विकास तथा सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको अनुगमन, लैङ्गिक विकास र सशक्तीकरणसँग सम्बन्धित नीतिको समयानुकूल परिमार्जन, स्थानीय तहमा महिला विकास सम्बन्धी कार्यक्रमको कार्यान्वयनबारे अनुगमन, महिला तथा किशोरीमाथि हुने तथा भईरहेको हिंसा नियन्त्रणका लागि निरोधात्मक तथा उपचारात्मक कार्य, महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्बन्धमा समन्वय तथा सचेतनामूलक कार्यक्रम, महिला विकास सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा महिलाहरूको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच तथा आत्मनिर्भरता रोजगारी  तथा उद्यमशीलता प्रवर्द्धनका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने यस शाखाको जिम्मेवारी रहेको छ।

### ५.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा

आयोगको संविधान तथा ऐनबाट प्राप्त अधिकार बमोजिम आयोगले महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको निर्माण, महिला अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको अनुगमन गरी उक्त कानून कार्यान्वयनका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस  गर्ने तथा नेपाल पक्ष भएका सन्धि सम्झौताको कार्यान्वयन अवस्थाका सम्बन्धमा प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सुझाव दिने लगायतका काम गर्न यस शाखाले आयोगलाई सहयोग गर्दछ।

आयोगसँग सम्बन्धित नीतिगत काममा सहयोग गर्ने यस शाखामा एक जना प्रशासन उपसचिव तथा एक कानून अधिकृतको दरवन्दी रहेको छ। यस शाखाको प्रमुख काम देहाय बमोजिम रहेको छ :-

- महिलाको हकहितसँग सम्वन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने;
- महिला अधिकारसँग सम्बन्धितनेपाल पक्षराष्ट्र भएको अन्तराष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने;
- नेपाल पक्षराष्ट्र भएका सन्धि सम्झौताको नियमित प्रतिवेदन तालिका अधावधिक गरी राख्ने पेश भएका सरकारी र वैकल्पिक प्रतिवेदनहरू संकलन गरी राख्ने तथा प्रतिवेदनमाथि सरकारलाई दिईएका सुझाव तथा निश्कर्षको विवरण अधावधिक गरी भावी कार्यदिशा बारे सुझाव तयार गरी पेश गर्ने;
- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने;
- आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरी पेश गर्ने;
- स्वीकृत वार्षिक कार्यक्रम  अनुसार अध्ययन, अनुसन्धान सम्बन्धी कार्यका लागि कार्यक्रमगत रूपमा कार्यक्षेत्रगत शर्त तयार गरी पेश गर्ने तथा अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

## ५.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

आयोगमा कानून सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि कानून तथा उजुरी व्यवस्थापन शाखा रहेको छ। यस शाखाले महिला हिंसा सम्बन्धी दैनिक उजुरी सुन्ने तथा उजुरी व्यवस्थापन सम्बन्धि सम्पूर्ण कार्य सम्पादन गर्दै आएको छ। यस शाखाबाट आयोगलाई विपक्षी बनाई अदालतमा दायर भएको रिट निवेदनका सम्बन्धमा लिखित जवाफ तयार गर्ने, आयोगले निर्माण गर्ने कानूनको मस्यौदा गर्ने तथा आयोगलाई कानूनी राय दिने काम गर्दछ। महिला हिंसाको उजुरी सुन्ने प्रमुख कार्यविवरण तोकिएको यस शाखामा एक जना कानून उपसचिव एक जना, सरकारी वकील एक जना, महिला विकास अधिकृत एक जना र दुई जना मनोविमर्शकर्ता (१ रा.प.तृ., १ रा.प.अनं.प्र.) को दरवन्दी रहेको छ। माथि उल्लेखित कामका अलावा यस शाखाको देहाय बमोजिम तोकिएको छ :

- उजुरी व्यवस्थापन सम्बन्धी कार्य;
- कानूनी परामर्श सम्बन्धी कार्य;
- सामाजिक मनोविमर्श सम्वन्धी कार्य;
- हेल्पलाईन सम्बन्धी कार्य;
- महिला हिंसासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण र अध्ययन गर्ने गराउने कार्य;
- महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा मुद्दा गर्नु पर्ने भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने, सुरक्षा केन्द्र वा पुनर्स्थापनाका लागि सिफारिस गर्ने
- अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य।

## ५.५. आर्थिक प्रशासन शाखा

आयोगमा एक आर्थिक प्रशासन शाखा रहेको छ। यस शाखामा १ जना लेखा अधिकृत तथा १ जना लेखापालको दरबन्दी रहेको छ। यस शाखाले आयोगको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कामहरू गर्दै आएको छ। यस शाखाले वित्तिय अनुशासन सम्बन्धी कामका अलावा देहाय बमोजिमको कार्यहरू गर्दछः

- आयोगको वार्षिक बजेट तर्जुमा, निकासा एवं खर्चको प्रवन्ध मिलाउने;
- निकासा रकमको खर्च हिसाव रीतपूर्वक राख्ने;

WC आयोग-२०५८

- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखवाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समय भित्र पठाउने र लेखा परीक्षण गराउने;
- आयोगका कार्यक्रमहरूको आर्थिक पक्षको अनुगमन गर्ने;
- पेश्की र बेरूजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्यौंट गर्ने र अद्यावधिक गराउने;
- आय व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने गराउने;
- आयोगको आर्थिक कारोवार प्रमुखलाई राय प्रदान गर्ने ।

# परिच्छेद ६
## आयोगबाट सम्पादित कार्यहरु

आ.व. २०७६/०७७ मा आयोगबाट सम्पादित प्रमुख कार्यक्रमहरु, कार्यक्रममा उठेका जिज्ञासा र सुझावहरु निम्नानुसार रहेको छ।

### ६.१ कर्मचारी क्षमता अभिवृद्धि तथा प्रतिवेदन लेखन कार्यक्रम

राष्ट्रिय महिला आयोगमा कार्यरत निजामती र परियोजनातर्फका कर्मचारीहरूलाई कर्मचारी क्षमता अभिवृद्धि र प्रतिवेदन लेखन सम्बन्धी उत्प्रेरणा जगाउने र कार्य क्षमता बढाउने कार्यक्रम सम्पन्न गरियो। कर्मचारीहरूले हिंसा पीडित सेवाग्राहीका समस्या र विवाद धैर्यपूर्वक सुन्नु पर्ने र उचित निकासका लागि मनोसामाजिक परामर्शका साथै मेलमिलाप र आवश्यकता अनुसार कानुनी निकासका लागि सम्बन्धितनिकायमा सिफारिस समेत गर्नु पर्ने जटिल प्रकृतिको कामले गर्दा कर्मचारीहरू आफैँ मनोसामाजिक तनावमा हुने भएकाले कर्मचारीहरूलाई तनाव व्यवस्थापनका साथै अन्य सीपहरू प्रदान गर्नका लागि यो कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा Appreciative Learning,Positive Attitude for Personal and Professional Excellence,Positive Perspective,Stress Management, Report writing लगायतका विषयहरूमा कार्यपत्र प्रस्तुत भएको थियो।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- कर्मचारीहरूलाई बेलाबेलामा सकारात्मक सोच सम्बन्धी तालिमको व्यवस्था हुनु पर्ने;
- कर्मचारीहरूलाई कार्यालयमा काम गर्ने वातावरणको सिर्जना हुनु पर्ने;
- नयाँ प्रविधि तथा पूर्वाधारहरूको ज्ञानको बारेमा जानकारी गराउनु पर्ने र
- तालिमबाट सिकेका कुरालाई व्यवहारमा रूपान्तरण गर्नु पर्ने।

### ६.२ क्षमता अभिवृद्धि तथा महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम

२०७६ कार्त्तिक ८ गते लैङ्गिक हिंसा निवारणका लागि चेतनामूलक अभिमुखीकरण कार्यक्रम ताप्लेजुङ जिल्लाको सदरमुकाम फुङलिङमा सञ्चालन गरिएको थियो। कार्यक्रमको उद्‌घाटन प्रमुख अतिथि माननीय संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयका माननीय मन्त्री योगेश भट्टराईबाट गरिएको थियो। उक्त कार्यक्रममा नेपाल प्रहरी महिला, बालबालिका सेवा केन्द्रका प्रतिनिधि, फुङलिङ न.पा.का प्रमुख लगायतको उपस्थिति रहेको थियो। यस कार्यक्रममा स्थानीय तहमा महिला अधिकार, बाल अधिकार संरक्षण र लैङ्गिक हिंसा निवारणमा स्थानीय तहको भूमिका विषयमा छलफल गरिएको थियो।

**कार्यक्रममा प्राप्त सुझावहरू**

- प्रहरीले समन्वय र सहयोग गरीरहेको भएता पनि सुरक्षित आश्रयस्थल कमी भएको कारणले पीडित प्रतिकूल वकपत्र (Hostile) हुने सम्भावना भएको हुँदा सुरक्षित आश्रय स्थलको व्यवस्था हुनु पर्ने;
- मनोसामाजिक मनोविमर्शकर्ता भएमा मानसिक समस्या भएका पीडितहरूलाई सहज हुने भएकोले त्यसको व्यवस्थापन हुनुपर्ने;
- महिलाहरू आर्थिक सम्पन्न भएमा हिंसामा पर्न सम्भावना कम हुने भएको हुँदा जिल्लामा महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालन हुनु पर्ने;
- हिंसाका घटना बढनुमा प्रमुख कारकको रूपमा मादक पदार्थ सेवन तथा बिक्री वितरण रहेको हुँदा यसलाई नियन्त्रण गर्नु पर्ने;

- हिंसामा परेका पीडितहरूले प्रशासन तथा प्रहरी समक्ष आफ्नो कुराहरू राखी उजुरी गर्न असहज महशुस गरेकोले सहज वातावरणको सृजना गर्नु पर्ने;
- महिला विकास सम्बन्धी संघसंस्था तथा सरोकारवालाबीच समन्वयको विकास गर्नु पर्ने;
- आयोगको प्रदेश तहमा पनि कार्यालय स्थापना हुनु पर्ने;
- स्थानीय तहका पदाधिकारीहरूलाई क्षमता अभिवृद्धिका कार्यक्रमहरू गर्नु पर्ने ।

नेपाली समाजमा पितृसत्तात्मक सोचको कारणले महिला जहिले पनि पछाडी परेको तथा हिंसामा पर्दै आइरहेको मा आज आधुनिक समाजको निर्माण भएको छ जसका कारण महिलाहरू हिंसा सहेर बस्न बाध्य छैनन् । आफ्नो पीडाहरूलाई उजागर गर्दै वर्तमान नेपालको संविधान तथा विभिन्न ऐन नियमले उजुरी गर्ने सक्ने अवस्था सिर्जना गरेको छ । संविधानले नै नेपालको कानूनमा महिलाहरूको लागि व्यवस्था गरेको छ । सोही बमोजिम हाल हरेक निकायमा महिलाहरूको सहभागिता देखिएको छ। अबका दिनमा धर्म संस्कृति भन्दा पनि कानूनी आधारमा समाज चल्नु पर्छ भन्ने मान्यता राखिएको छ। स्थानीय तहमा महिला उपमेयर वा उपाध्यक्षमा रहेता पनि आउँदा दिनहरूमा यसलाई प्रमुख भूमिकामा पुऱ्याउन प्रयास गर्नु पर्नेछ । नेपालको संविधानले नेपालमा महिलाहरूको हक अधिकार सुनिश्चित गर्नुको साथै संविधान उत्कृष्ट रहेको छ । समाजमा रहेका असमानताहरू कम हुँदै गईरहेको अवस्था छ। यसमा पनि महिलाहरूको सहभागिताले पूर्णता पाएको अनुभूति भएको छ । ३३ प्रतिशत भन्दा पनि महिलाहरूको सहभागिता हरेक तहमा हुनुपर्ने, महिलाहरू जति सशक्त भयो हिंसाका घटनामा कमी आउने महिलाहरू सशक्त भएकै कारणले उजुरीको प्रतिशत बढेता पनि वास्तवमा हिंसा कम हुँदै गएको छ। यस्ता कार्यक्रमहरू दुर्गम हिमाली ठाँउमा लैजानु पर्छ ।

-माननीय मन्त्री योगेश भट्टराई
सँस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय

## ६.३ विद्यालय तहमा महिला हिंसा न्यूनीकरण तथा महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम

| | | |
|---|---|---|
| बागमति प्रदेश | : | अरूणोदय मा.वि. आरूवारी, गोकर्णेश्वर नगरपालिकामा, २०७६/५/३० |
| बागमति प्रदेश | : | महालक्ष्मी नगरपालिका; २०७६/०६/०६ |
| प्रदेश नं २ | : | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कलैया वारा २०७६/०७/२६ |
| बागमति प्रदेश | : | हेटौडा उप महानगरपालिका मकवानपुर २०७६/०८/२१ |

आयोगले नियमित कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई समावेश गर्ने गरेको छ। यस आ.व.मा पनि आयोगले महिला हिंसा निवारणका सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीहरूसँगको अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन गरेको थियो । विद्यार्थीवर्गलाई लक्षित गरी मानव अधिकार, महिला अधिकार, लैङ्गिक सवाल, मनोसामाजिक समस्या र सुस्वास्थ्य सम्बन्धी विविध विषयमा जनचेतना जगाउने अभिप्रायका साथ विद्यालयस्तरीय सचेतना कार्यक्रमहरू आयोजना गरिएको थियो। विद्यार्थीहरूलाई लैङ्गिक हिंसा विरूद्ध सचेतना अभिवृद्धि गर्ने, लैङ्गिक हिंसाविरूद्ध जिम्मेवारी बनाउने साईबर क्राईम तथा यसको दुरूपयोगवाट बालबालिकमा पर्ने असर बारे जानकारी गराउने, बालबालिका तथा विद्यालयका माध्यमबाट समाजका विकृति हटाउन अग्रसर बनाउने जीवनउपयोगी सिप सम्बन्धी जानकारी दिने उक्त कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- सबै विद्यार्थीहरूलाई लैङ्गिक संवेदनशीलता तथा हिंसा निवारणसम्बन्धी अभिमुखीकरण गर्नु पर्ने;
- राष्ट्रिय महिला आयोगले बालबालिकाहरूलाई नयाँ प्रकृतीका हिंसा र हिंसाबाट बच्ने उपायहरूका आधारभूत सीपहरूका बारेमा जानकारी हुने किसिमको कार्यक्रम गर्नु पर्ने र
- यस्ता कार्यक्रम जिल्लामा मात्र केन्द्रित नभएर दुर्गम गाँउका विद्यालयसम्म पुऱ्याउनु पर्ने ।

## ६.४ मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला सम्बन्धी अभिमूखीकरण कार्यक्रम

मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाको कार्यक्षेत्रलाई वर्तमान अवस्थामा आईपुग्दा समेत राज्यले पहिचान गरेको छैन । अर्न्तराष्ट्रिय परिप्रेक्ष्यमा यस क्षेत्रलाई व्यवस्थित गर्ने विभिन्न संयन्त्र निर्माण भएको भएता पनि नेपालमा यो क्षेत्रको व्यवस्थापन हुन सकेको छैन। यस क्षेत्रमा काम गर्ने महिलाको हक, अधिकारको सम्बन्धमा हाल सम्म कुनै कानूनी व्यवस्था नहुँदा यस क्षेत्रमा काम गर्ने महिलाहरु खुलेर हक अधिकारका लागि लड्न सकिरहेका छैनन्। पछिल्लो समयमा नेपालमा पनि केही संघ संस्थाहरु यस क्षेत्रको हक अधिकार सम्बन्धमा पैरवीका गर्न शुरुवात गरेका छन्। मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरुको हक अधिकार र उनीहरुमाथि हुने हिंसालाई सम्बोधन गर्ने छुट्टै कानून छैन जसले गर्दा यस क्षेत्रमा काम गर्ने महिलाहरूको हक, अधिकार, सेवा सुरक्षा लगायतका विषयमा दिनानु दिन समस्या बढ्दो अवस्थामा देखिएको छ। उक्त क्षेत्रमा काम गर्ने महिलालाई हुने यौनजन्य लगायत आर्थिक, शारीरिक, मानसिक हिंसा समेत भईरहेको सम्बन्धमा सरोकारवालाबाट आवाज समेत उठ्ने गरेको सन्दर्भलाई मध्यनजर गरी यस आ. व. मा आयोगबाट **"मनोरन्जन क्षेत्रमा काम गर्ने महिलाको हक, हित र आत्मरक्षाको सम्बन्धमा सरोवारवालाहरूसँग अन्तरक्रिया"** कार्यक्रम पर्सा जिल्लामा आयोजना गरी यस विषयमा पैरवीको शुरुवात गरेको छ। उक्त कार्यक्रमको उद्देश्य यस विषयमा विभिन्न सरोकारवालासँग छलफल गरी प्राप्त सुझावका सम्बन्धमा नेपाल सरकारलाई दिने सिफारिस तयार गर्नुका साथ साथै जनचेतना अभिवृद्धि गर्नु रहेको थियो।

**कार्यक्रममा उठेका जिज्ञासा, निष्कर्ष तथा प्राप्त सुझावहरू**

- पर्सा जिल्लामा धैरै होटल, क्यासिनो, दोहोरीसाँझ लगायतका मनोरन्जन क्षेत्र रहेको,
- उक्त क्षेत्रमा महिलाहरु बढी संख्यामा कार्यरत रहेको र उनीहरुको हक, अधिकार र सुरक्षाको विषयमा सम्बोधन हुन नसकेको,
- यस क्षेत्रमा काम गर्ने महिलालाई यौन हिंसाको जोखिम पनि धैरै रहेको र आफ्नो हक हितका सम्बन्धमा सामाजिक परिवेश र संस्कारका कुराले खुलेर आउन समेत नसक्ने अवस्था रहेको,
- कानून प्रष्ट नभएको र कानून कार्यान्वयनमा पनि प्रभावकारिता नरहेको,
- सीमा नाका भएका कारण बेचबिखनका समस्या पनि अत्याधिक रहनुका साथै महिला हिंसाका अन्य स्वरुपहरु पनि प्रशस्तै रहको,
- प्राप्त सुझावहरुबाट आयोगबाट शुरुवात रहेको यो कार्यक्रमलाई निरन्तरता दिइनु पर्ने,
- यस्ता कार्यक्रम गरी सचेतना बढाउन सरोकारवाला निकाय र समाजको समेत भूमिका महत्वपूर्ण रहेको,
- सबै तहबाट सचेतनामूलक कार्यक्रम सञ्चालन हुनु पर्ने,
- उपलब्ध कानूनको सही कार्यान्वयन हुनु पर्ने,
- यस्ता कार्यक्रमका लागि आयोगले स्थानीय संघ संस्थासँग समेत सहकार्य गरी कार्यक्रम गर्नु पर्ने,
- यस विषयसँग सम्बन्धित कार्यक्रम गर्दा सकारात्मक तथा नकारात्मक पक्षको समेत विश्लेषण हुनु पर्ने

## ६.५ महिला अधिकार सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम

आयोगबाट मिति २०७६।६।१३ मा बागमती प्रदेशको राजधानी मकवानपुर हेटौंडामा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको मुख्य उद्देश्य प्रादेशिक तहमा महिला मैत्री नीति योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका साथै महिला हिंसाका सम्बन्धमा स्थलगत जानकारी लिनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा प्रदेश तहमा रहेका सामाजिक विकास मन्त्रालय लगायत सबै जिम्मेवार सरकारी र गैरसरकारी संस्थाका प्रमुख एवम् प्रतिनिधिहरूलाई सहभागी गराईएको थियो।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- मानव बेचबिखनको समस्या भयावह भएकाले यसलाई न्यूनीकरण गर्न आयआर्जनका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने;
- महिला हिंसाका साथै नागरीकता र जन्मदर्ताको समेत समस्या रहेको;
- दक्ष मेलमिलापकर्ताको अभाव रहेको;

- हिंसा निवारणका लागि महिलालाई सीपमूलक तालिम र उद्यमशिलतामा जोड दिनु पर्ने;
- नैतिक शिक्षाको अपरिहार्यता रहेको र प्रतिरक्षा विधि पनि किशोरीहरूलाई आवश्यक रहेको;
- महिलाका मुद्दा पनि राजनीतिकरण हुने गरेको;
- जवरजस्ती करणीकै मुद्दामा पनि पीडित प्रतिकूल वकपत्र (Hostile) हुने गरेको;
- सरकारी र गैरसरकारी संस्थाहरूबीच सहकार्य र समन्वयको आवश्यकता रहेको र संघ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक कार्य हुनु पर्ने ।

## ६.६ आमा समूह, महिला सहकारी संस्था तथा अन्य संस्थामा आबद्ध महिलाहरूको सशक्तीकरण तथा सचेतनामूलक कार्यक्रम

(क) **बनेपा नगरपालिका** : २०७६।०७।१५

लैङ्गिक समानता तथा महिला सशक्तीकरण गर्ने कार्य कुनै एक पक्षको प्रयासले मात्र सम्भव हुँदैन । यस क्षेत्रमा कार्यरत संस्थाले मात्र नभई समाजका हरेक वर्ग तथा समुदायबाट पहल हुनुपर्दछ । महिलाहरूको सशक्तीकरणका माध्यमबाट मात्र हिंसाका घटनाहरूलाई निवारण गर्दै जान सकिन्छ । यस कार्यक्रमको उद्देश्य आमा समूह, महिला सहकारी संस्था तथा अन्य संस्थामा आवद्ध महिलाहरूलाईस्थानीय तहमा सहकारी संस्था एकीकरण, संस्थाहरूले उद्यमशीलता विकासका लागि गर्नु पर्ने पहलका बारेमा जानकारी गराउने रहेको थियो । उक्त कार्यक्रम सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने तथा महिला विकास सम्बन्धी कार्यक्रम, नीतिहरू र महिला विकासका लागि आमा समूह महिला सहकारी संस्थाको भूमिका बारे कार्यपत्र प्रस्तुत गरिएको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू** :

- महिला सहकारी संस्थाको दिगोपनको लागि सरकारले छुट्टै नीति बनाउनु पर्ने देखिन्छ ।
- सबै सहकारीहरूलाई एकिकरण गर्ने नीति लागू भएको तर महिला सहकारी संस्थाहरू पुरूषहरूको सहकारीमा समायोजन हुन नचाहेको हुँदा विशेष नीति अवलाम्वन गर्नु पर्दछ ।

(ख) **नुवाकोट** : २०७६।०८।२६

२०७६ मंसिर २६ गते नुवाकोट जिल्लामा आमा समूह, महिला सहकारी तथा अन्य महिलासँग सम्बन्धी संघ संस्थाहरूमा आवद्ध महिलाहरूको चेतना अभिवृद्धि र सशक्तीकरण सम्बन्धि अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

कार्यक्रमको उद्देश्य महिलाहरूको चेतना अभिवृद्धि गर्नका लागि स्थानीय सरकारले के कस्ता लैङ्गिक मैत्री कार्यक्रमहरू तथा योजनाहरू बनाएका छन्, यस जिल्लामा कस्ता किसिमको हिंसा हुने गरेको छ र सेवा प्रदायक तथा अन्य सरोकारवाला निकायको भूमिका बारेमा छलफल गर्ने, जनचेतना अभिवृद्धी गर्ने र हिंसा पीडित महिलाको न्यायमा पहुँच अभिवृद्धी गर्ने रहेको थियो ।

उक्त कार्यक्रममा बिदुर नगरपालिकाका उपमेयर, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष, वडाअध्यक्ष लगायत १२ ओटै स्थानीयतहका जनप्रतिनिधि, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला वन कार्यालय लगायतका कार्यालय प्रमुख तथा प्रतिनिधिहरू साथै नुवाकोट जिल्लामा रहेर महिलाको क्षेत्रमा काम गरीरहेका संघ संस्थाहरू महिला मानवअधिकार रक्षक सञ्जाल, महिला तथा बालबालिका जिल्ला संरक्षण सञ्जाल, छोरी, टि.पि.ओ. नेपाल लगायतका संघ संस्थाका प्रतिनिधिहरू, स्थानिय महिला समूह तथा सहकारीका प्रतिनिधिहरू र सरोकारवाला समेत गरी १०० भन्दा बढीको सहभागीता रहेको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- महिला सशक्तीकरण का लागि स्थानीय तहले विनियोजन गरेको बजेट र कार्यक्रम सबै ठाँउमा पुग्न नसकेको;
- संस्थाहरूसँगको समन्वय र सहकार्यको आवश्यकता रहेको;
- सुरक्षित आश्रयस्थलको अभावले गर्दा महिला हिंसाका घटनाहरू बाहिर आउन नसकेको;

- हरेक पालिकामा एक जना मनोसामाजिक विमर्शकर्ता व्यवस्था हुनु पर्ने;
- विद्यालयहरूमा लैङ्गिक हिंसाविरूद्धका कक्षाहरू संचालन गर्नु पर्ने;
- संस्थाहरूले गरेका राम्रा कामहरूको उचित मूल्यांकन हुनु पर्ने;
- सहकारीमा आवद्ध भएको महिलाहरूको सशक्तीकरण गर्नु पर्ने;
- एकल महिलाहरूको लागि आरक्षण र सुरक्षा कोषको व्यवस्था गर्नु पर्ने ।

(ग) **बैंशीशहर नगरपालिका लमजुङ्ग : २०७६।१०।२७ वालिङ नगरपालिका स्याङ्जा : २०७६।१०।२९**

गण्डकी प्रदेश बेंशीशहर नगरपालिका लमजुङ्ग र वालिङ नगरपालिका स्याङ्जामा महिला सशक्तीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरियो । महिला सहकारी, आमा समूहका साथै अन्य सम्बन्धित संघ-संस्थाका प्रतिनिधिहरूको सहभागितामा स्थानीय तहमा कस्ता-कस्ता कार्यक्रमहरू संचालन गरिएको छन् ? कार्यक्रममा लाभान्वित महिलाहरू कति छन् ? महिला आय आर्जनका थप प्रभावकारी कार्यक्रमहरू के के हुन सक्छन् भन्ने विषयमा सेवाग्राही महिला र स्थानीय तहका नेतृत्व वर्गसँग अन्तरक्रिया कार्यक्रम गरिएको थियो । अन्तरक्रियामा महिला सहकारी संस्थाहरूको वर्तमान अवस्था र यसमा कसरी सुधार गरी धेरै भन्दा धेरै ईच्छुक महिला समेट्न सकिन्छ भन्ने विषय पनि समावेश गरिएको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- महिला सहकारीसँग सम्बन्धित सहभागीहरूले जिल्लामा साविकको महिला तथा बालबालिका कार्यालय नहुँदा समन्वयको अभाव रहेको;
- महिला विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिला आयआर्जनका कार्यक्रमहरूले अपेक्षित सफलता पाउन नसकेको;
- महिला सहकारीको बचत र लगानीले आम महिलाको आर्थिक अभाव र सानो तिनो लगानीबाट पाएको साथ र सहयोगमा कमी हुन गई पहिले भन्दा पनि कमजोर भएको;
- व्यक्तित्व विकासका सबै आयामहरूमा महिला पनि उत्तिकै सहभागी हुन पाएमात्र उनीहरूको समग्र जीवनस्तरमा नै सुधार हुने तर अवसर कम भएको ।

## ६.७ स्थानीय तहमा महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम

आयोगले मिति २०७६ कार्त्तिक ७ गते लैङ्गिक हिंसा निवारणका लागि चेतनामूलक अभिमुखीकरण कार्यक्रम **पाँचथर जिल्लाको सदरमुकाम फिदिममा** सञ्चालन गरेको थियो ।

विभिन्न सरकारी कार्यालयका प्रमुख, राष्ट्रिय महिला आयोगका कर्मचारी, महिला अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्थाका प्रतिनिधि, एकल महिलाका प्रमुख, आमा समूह, अन्तरपार्टी महिला सञ्जाल महिलासँग प्रत्यक्ष सरोकारमा रहेका महिलाहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, हिंसा पीडित महिला, कर्मचारीहरू, पत्रकार तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । आयोगको हेल्पलाईन सेवा **खबर गरौं ११४५ हेल्पलाइन** मा जुनसुकै बेला पनि उजुरी गर्न सक्ने भएकोले पीडितहरूलाई पीडा लुकाएर नबस्न आग्रह गरिएको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- बलात्कारका घटनाहरू दिनप्रतिदिन बढ्दै गएकोले सरोकारवाला निकायले निष्पक्ष अनुसन्धान गरी दोषीलाई कारवाहीका लागि सिफारिस गर्नु पर्ने;
- हिंसामा परेका महिला तथा बालबालिकाहरूको लागि सुरक्षित आश्रयस्थलको समस्या रहेको;
- मानसिक समस्या भएका प्रभावितहरूका लागि उपचारको समस्या रहेको;
- जनमानसमा सकारात्मक सचेतना फैलिनुका साथै हिंसा पीडित महिलाहरूलाई सम्बन्धित निकायमा उजुरी गर्न समेत सहयोग पुग्ने;
- कानूनी सहायताका लागि कानूनी परामर्श तथा सहयोग केन्द्रले सेवा प्रदान गर्दै आएको भएता पनि दीर्घकालिन व्यवस्था भएमा पीडितलाई उचित न्याय दिलाउन सहयोग पुग्ने;

- पीडितलाई बस्नका लागि आश्रयस्थलको समस्या भएको हुँदा पीडित होस्टाईल हुने सम्भावना भएको कारणले सुरक्षित आश्रयस्थलको व्यवस्था हुन जरूरी रहेको ।

## ६.८ उद्यमशिलता विकास र सशक्तीकरण सम्बन्धी उद्यमी व्यवसायी महिलाहरुसँग अन्तरक्रिया

**भीमफेदी गाउँपालिका हेटौडा : २०७६।०७।२५**

महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणका लागि पूँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने उद्देश्यले मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिकाका अध्यक्ष, सोशी गाउँपालिकाका उपाध्यक्ष, वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, अन्य कर्मचारी प्रशिक्षक र उद्यमी व्यवसायी महिलाहरूको सहभागितामा कार्यक्रम सञ्चालन गरिएको थियो ।

**गाउँपालिकाले गरेका असल अभ्यासहरू**

- गाँउपालिकाले सिस्नुको पाउडर उद्योग, तरकारी टनेल, आधुनिकीकरण गर्दै फूल व्यवसाय अगाडि बढाएको;
- हस्तकला छ्वालीको काम, सालको पातको टपरी बनाउने गरेकोले बजारीकरणका लागि अगाडी बढाउन गाँउपालिकाले उत्पादनलाई बजारसँग जोड्ने काम शुरू गरेको;
- गाँउपालिकाले महिलाहरूको समूहलाई अकबरे खुर्सानी र सिकाते च्याउ खेती प्रवर्द्धनका लागि जोड दिएको;
- हस्तकलाको तालिमबाट राम्रो सामान उत्पादन भएको छ तर बजारको समस्या देखिएको;
- अनुदानमा विशेष गरी महिलाहरूले पाउनु पर्ने तर केही महिला बाहेक अरूले फाईदा लिएको देखिँदैन ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- सीप विकासको लागि लामो अवधिको तालिम चाहिने;
- कच्चा पर्दाथ आयात गर्दा महिला उद्यमीहरूलाई करमा छुट दिएमा प्रोत्सहान हुनुका साथै वस्तुको मुल्य कम भई बिक्रीमा सहज हुने;
- कच्चा पदार्थको सहज उपलब्धता नुहुने;
- पिछडिएका महिलाहरूलाई उद्यममा प्रोत्सान गर्नु पर्ने;
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने सरकारको नीति हुनु पर्ने;
- खरिद र बिक्रीमा दोहोरो करको समस्या रहेको;
- महिला उद्यमीहरूको योजना स्पष्ट र प्राविधिक रूपमा दक्ष नहुने साथै व्यवसाय विस्तारका लागि पूँजीको अभावका कारणले बैकिङ्ग प्रक्रिया अगाडी बढाउन समस्या, धितो राख्ने जग्गा महिलाको नाममा नहुँदा महिला उद्यमीलाई समस्या भएको;
- प्यान नम्बर भएका उद्यमीहरूलाई अनिवार्य व्यवसायिक योजना सम्बन्धी तालिमको व्यवस्था हुनु पर्ने;
- बैंकको चर्को व्याजको कारण उद्यमी व्यवसायी र किसानहरू मारमा पर्ने गरेकाले विशेष सहुलियतको व्यवस्था हुनुपर्ने;
- युवाहरू विदेश पलायन हुनबाट रोक्न सरकारले सस्तो व्याजमा ऋण दिने व्यवस्था हुनु पर्ने;
- उद्योग दर्ता प्रक्रिया सरल हुनु पर्ने;
- महिला उद्यमीहरूलाई बजार सम्म पुग्न समन्वय गरीदिनु पर्ने;
- महिला उद्यमीहरूको उत्पादनको प्रर्दशनी घर बनाईनु पर्ने ।

## ६.९ लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियानका क्रममा आयोगबाट आयोजना गरिएको अन्तरक्रियात्मक कार्यक्रम

**(क) लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान गतिविधिका बारे पत्रकार छलफल**

आयोगले ८ मंसिर २०७६ गते पत्रकार सम्मेलन गरेर लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानका क्रममा आयोगबाट सञ्चालन गरीने कार्यक्रमहरूका साथै आयोगबाट सम्पादित कार्यक्रमहरूका बारेमा समेत जानकारी गराएको थियो ।

उक्त कार्यक्रममा आयोगका सचिव श्री दीपेन्द्र काफ्लेले आयोगबाट सम्पादित कार्यहरू, चुनौतीहरू र आयोगका आगामी कार्यदिशाका साथै आयोगबाट लैङ्गिक हिंसा विरूद्धका १६ दिने अभियानका क्रममा आयोजना गरीने कार्यक्रमहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा विभिन्न संचार माध्यमका पत्रकारहरूको साथै आयोगका कर्मचारीहरूका उपस्थिति रहेको थियो । महिला विरूद्धका हिंसा वृद्धि हुनाका कारणहरू के हुन् ? हिंसा कुन स्थानमा बढी छ ? आयोगले हिंसा निवारणका लागि के कस्तो प्रयाश गरीरहेको छ भन्ने बारेमा छलफल गरिएको थियो । १६ दिने अभियानका क्रममा आयोजना गरीने कार्यक्रमहरूले पीडितहरूलाई कस्तो प्रभाव पार्छ ? आयोगले यस तर्फ पनि विचार गर्नु जरूरी रहेको सुझाव सहभागीबाट प्राप्त भएको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- महिला आयोगको सचिवमा महिलालाई प्राथमिकता दिनु पर्ने;
- वार्षिक बजेट कटौतीले आयोगका कार्यक्रम पारेको असर;
- आयोगले संचारकर्मी र प्रेशसँगको समन्वयमा अझ जोड दिन जरूरी रहेको;
- आयोगले आफ्नो कार्यक्रम उपलब्धीको आवधिक रूपमा प्रकाशन र सार्वजनिकीकरणमा जोड दिनु पर्ने ।

(ख) **स्थानीय तह तथा सरोकारवालाहरूसँग अन्तरक्रियात्मक कार्यक्रम**

**दक्षिणकाली नगरपालिका काठमाण्डौ**

आयोगले **मिति २०७६ मंसिर १०** गतेका दिन काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिकामा १६ दिने लैङ्गिक हिंसाविरूद्धको अभियानको सन्दर्भमा स्थानीय तह तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरेको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानमा मात्र आयोग सीमित नरही वर्ष भरिनै आयोगले जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नु पर्ने;
- आयोगमा पदाधिकारी नहुँदा आयोगको काम कारवाहीमा के कस्ता समस्या परेका छन् सो पहिचान गरी निराकरण गर्नुपर्ने;
- आयोगको भावी कार्यदिशाको बारेमा स्पष्ट भई आयोगका गतिविधि केन्द्रमा मात्र सीमित नरही देशका स्थानीय तहसम्म पुगि जनचेतना अभिवृद्धि गर्नु पर्ने ।

(ग) **रामेछाप नगरपालिका रामेछाप**

मिति २०७६ मंसिर १९ गते १६ दिने लैङ्गिक हिंसा विरूद्धको अभियानका लागि चेतनामूलक अभिमुखीकरण कार्यक्रम रामेछाप जिल्लाको रामेछाप नगरपालिकामा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न सरकारी कार्यालयका प्रमुख, राष्ट्रिय महिला आयोगका कर्मचारी, महिला अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाका प्रतिनिधि, एकल महिलाका प्रमुख, आमा समूह, अन्तरपार्टी महिला सञ्जाल, महिलासँग प्रत्यक्ष सरोकारमा रहेका महिलाहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, हिंसा पीडित महिला; कर्मचारीहरू, पत्रकार तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- सबै स्थानीय तहमा अल्पकालिन सुरक्षित आवासको आवश्यकता रहेको;
- प्रत्येक स्थानीय तहमा मनोसमाजिक परामर्श दिने विज्ञ कर्मचारीको व्यवस्था हुनु पर्ने;
- हिंसा पीडित महिलालाई आयोगमा सम्पर्क राख्नु पर्ने अवस्थामा सवारी खर्च उपलब्ध गराउनु पर्ने;
- हिंसा पीडित महिलाहरूका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउनु पर्ने;
- स्थानीय तहमा रहेका महिला बालबालिका शाखालाई सवल र सक्षम बनाईनु पर्ने;
- आयोगका कार्यक्रमहरू स्थानीय तह सम्म पुग्नु पर्ने;

- आयोगको सम्पर्क कार्यालयहरू सातै प्रदेशमा अविलम्व स्थापना हुनु पर्ने;
- आमाका नामबाट समेत नागरीकता प्रदान गर्ने व्यवस्था हुनु पर्ने;
- प्रचलित कानुन कडाईका साथ लागू गर्नु पर्ने;
- रामेछाप नगरपालिकाले सेफ हाउसको लागि बजेट विनियोजन गरेको छ।

(घ) **सुनकोशी गाउँपालिका, सिन्धुली**

२०७६ मंसिर २२ गते १६ दिने लैङ्गिक हिंसा विरूद्धको अभियानका लागि चेतनामूलक अभिमुखीकरण कार्यक्रम सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिकामा सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा सुनकोशी गाउँपालिकाका अध्यक्ष, विभिन्न सरकारी कार्यालयका प्रमुख, राष्ट्रिय महिला आयोगका कर्मचारी, महिला अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्थाका प्रतिनिधि, एकल महिलाका प्रमुख, आमा समूह, अन्तरपार्टी महिला सञ्जाल महिलासँग प्रत्यक्ष सरोकारमा रहेका महिलाहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, हिंसा पीडित महिला, कर्मचारीहरू, पत्रकार तथा सञ्चारकर्मीहरू समेतको उपस्थिति रहेको थियो।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- लैङ्गिक हिंसामा परेका महिलालाई सीपमूलक तालिमको व्यवस्था हुनु पर्ने;
- जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने;
- निःशुल्क कानुनी परामर्शको व्यवस्था गर्नुपर्ने;
- सबै स्थानीय तहमा अल्पकालिन सुरक्षित आवासको आवश्यकता रहेको;
- महिला हिंसा विरूद्धको शिक्षा सबै विद्यालयमा दिईनु पर्ने र पाठ्यक्रमा समेत समावेश गरिनु पर्ने;
- प्रत्येक स्थानीय तहमा मनोसमाजिक विज्ञ कर्मचारीको व्यवस्था हुनु पर्ने;
- आयोगको सम्पर्क कार्यालयहरू सातै प्रदेशमा अविलम्व स्थापना हुनु पर्ने।

## ६.१० समसामयिक विषयहरु (यौनिक हिंसा, लिभिङ टुगेदर, वैदेशिक रोजगारका कारणबाट हुने महिला हिंसा) विषयहरुमा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम

(क) **भोजपुर**

महिलामाथि हुने हिंसाको नयाँ नयाँ स्वरूपको अवस्था र यस सम्बन्धी कानूनी व्यवस्थाका बारेमा जानकारी गराई वर्तमान परिप्रेक्ष्यमा कस्ता कस्ता किसिमको हिंसा हुने गरेको सो सम्बन्धमा सेवा प्रदायक तथा अन्य सरोकारवाला निकायको कस्तो भूमिका हुनुपर्छ भन्ने विषयमा केन्द्रित रही भोजपुर जिल्लामा २०७६ मंसिर महिनामा **"समसामयिक विषयहरूमा (यौनिक हिंसा, लिभिङ टुगेदर, वैदेशिक रोजगारका कारणबाट हुने महिला हिंसा आदि)सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल"** कार्यक्रमको आयोजना गरिएको थियो।

उक्त कार्यक्रममा विभिन्न स्थानीय निकायका प्रमुख, उपप्रमुख र प्रतिनिधि, भोजपुर जिल्लास्थित विभिन्न सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरू, महिला अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैर-सरकारी संघसंस्थाका प्रतिनिधिहरू तथा विभिन्न सञ्चार माध्यममा आवद्ध पत्रकारहरूको सक्रिय उपस्थिति रहेको थियो।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- बहुविवाहका उजुरी धैरै पर्ने गरेको।
- सचेतनाका कार्यक्रमहरु रेडियो एफ एम मार्फत पनि सञ्चालन गर्दा प्रभावकारी हुने।
- स्थानीय तहलाई मुद्दा हेर्ने विज्ञको कमीका कारण समस्या रहेको हुँदा यस विषयमा विचार गरिनु पर्ने।
- घरेलु हिंसा राजनीतिक हिंसा लगायतका हिंसा सामाजिक सन्जालका कारणबाट हुने हिंसा बलात्कारका घट्ना बहुविवाह जस्ता विभिन्न कारणबाट महिला माथि हुने हिसा विद्यमान रहेको।
- कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा हिंसा पीडित महिला तथा बालबालिकाको न्यायमा सहज पहुँच हुन नसकेको।

- वैदेशिक रोजगारीका कारणबाट महिला माथि हुने हिंसा धेरै रहेको ।
- महिला र पुरुषवीच रहेको असमान व्यवहार र पितृसत्तात्मक सोचको अन्त्य हुन नसक्दा हिंसा व्याप्त रहेको ।
- हिंसा न्यूनीकरणका लागि सबै सरोकारवालाले अभियान चाल्नु पर्ने तथा महिलालाई घर समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु पर्ने ।
- सबै स्थानीय निकायहरूले आफ्ना आफ्ना पालिकाहरूमा महिला हिंसा विरूद्धमा सिर्जनशील कार्यक्रमहरू सञ्चालन गरी महिला प्रतिनिधिहरूलाइ पनि उल्लेखनिय सहभागी गराउँनुपर्ने ।
- नीतिगत समस्यालाइ प्रदेश सरकार र संघ सरकारबाटै टुङ्गाइ पठाएको खण्डमा सोचे भन्दा धेरै कामहरू गर्न सकिने ।
- सरकारी वजेटमा महिलाको लागि बजेट प्रष्ट छैन जसको नीतिगत व्यवस्था हुनु जरुरी देखिएको ।
- यस्ता सचेतनाका कार्यक्रम केन्द्रमा मात्र हैन गाउँगाउँमा पुर्याउन जरुरी रहेको ।
- ऐन तथा कानूनको निर्माण मात्र नभएर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्ने लगायतका सुझाव प्राप्त भएका थिए ।

**ख) संखुवासभा**

महिलामाथि हुने हिंसाको नयाँ नयाँ स्वरूपको अवस्था र यस सम्बन्धी कानूनी व्यवस्थाका बारेमा जानकारी गराई वर्तमान परिप्रेक्ष्यमा कस्ता कस्ता किसिमको हिंसा हुने गरेको सो सम्बन्धमा सेवा प्रदायक तथा अन्य सरोकारवाला निकायको कस्तो भूमिका हुनुपर्छ भन्ने विषयमा केन्द्रित रही संखुवासभा जिल्लामा २०७६ मंसिर महिनामा **"समसामयिक विषयहरूमा (यौनिक हिंसा, लिभिङ टुगेदर, वैदेशिक रोजगारका कारणबाट हुने महिला हिंसा आदि) सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल"** कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा विभिन्न स्थानीय निकायका प्रमुख, उपप्रमुख र प्रतिनिधि, संखुवासभा जिल्लास्थित विभिन्न सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरू, महिला अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैर-सरकारी संघसंस्थाका प्रतिनिधिहरू तथा विभिन्न सञ्चार माध्यममा आवद्ध पत्रकारहरूको सक्रिय उपस्थिति रहेको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- बहुविवाहका कारण वच्चाको जन्म दर्तामा समस्या रहेको ।
- स्थानीय निकायमा कर्मचारीको अभाव रहेको ।
- राष्ट्रिय महिला आयोगले सचेतनाका कार्यक्रमहरु गाउँ गाउँमा सञ्चालन गर्दा प्रभावकारी हुने ।
- न्यायिक समिति भन्दा बढी उजुरी प्रहरी कार्यालयमा आउने गरेको ।
- स्थानीय निकायलाई मुद्दा हेर्न विज्ञको कमीका कारण समस्या रहेको हुँदा यस विषयमा विचार गरिनु पर्ने ।
- घरेलु हिंसा राजनीतिक हिंसा लगायतका हिंसा सामाजिक सन्जालका कारणबाट हुने हिंसा बलात्कारका घट्ना बहुविवाह जस्ता विभिन्न कारणबाट महिला माथि हुने हिसा विद्यमान रहेको ।
- कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा हिंसा पीडित महिला तथा बालबालिकाको न्यायमा सहज पहुँच हुन नसकेको ।
- वैदेशिक रोजगारीका कारणबाट महिला माथि हुने हिंसा धेरै रहेको ।
- महिला र पुरुषबीच रहेको असमान व्यवहार र पितृसत्तात्मक सोचको अन्त्य हुन नसक्दा हिंसा व्याप्त रहेको ।
- हिंसा न्यूनीकरणका लागि सबै सरोकारवालाले अभियान चाल्नुपर्ने तथा महिलालाई घर समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु पर्ने ।
- सबै स्थानीय तहहरूले आफ्ना आफ्ना पालिकाहरूमा महिला हिंसा विरूद्धमा सिर्जनशील कार्यक्रमहरू सञ्चालन गरी महिला प्रतिनिधिहरूलाइ पनि उल्लेखनिय सहभागी गराउनु पर्ने ।
- नीतिगत समस्यालाई प्रदेश सरकार र संघ सरकारबाटै टुङ्गाइ पठाएको खण्डमा सोचे भन्दा धेरै कामहरू गर्न सकिने ।
- यस्ता सचेतनाका कार्यक्रम केन्द्रमा मात्र हैन गाउँ गाउँमा पुर्याउन जरुरी रहेको ।
- ऐन तथा कानूनको निर्माण मात्र नभएर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्ने लगायतका सुझाव प्राप्त भएका थिए ।

## ६.११ केन्द्र र प्रदेशस्तरमा लैङ्गिक सम्पर्क विन्दुहरूसँगको अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय महिला आयोग र वियोन्ड बेजिङ्ग कमिटिको सहकार्यमा मिति २०७६/११/१३ गतेका दिन विभिन्न मन्त्रालय तथा आयोगहरूका लैंङ्गिक सम्पर्क व्यक्तिहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । लैङ्गिक सम्पर्क व्यक्तिहरू बीच छलफल, अन्तरक्रिया र अभिमुखीकरणको माध्यमवाट ती निकायहरूमा लैङ्गिक विषयहरूलाई मूलप्रवाहीकरण गर्दै अगाडी बढ्न टेवा पुऱ्याउने यस कार्यक्रमको उद्देश्य रहेको थियो ।

लैंङ्गिक सम्वेदनशीलता सम्बन्धी बिषय हाम्रो लागि नयाँ पक्कै पनि होइन यस बिषयमा धेरै कार्यहरू भइरहेकै छ । तथापि अझै पनि हाम्रो समाजमा लैंङ्गिक विभेद कायमै छ । तसर्थ हामीले बनाउने नीति योजना कार्यक्रम तथा बजेट पनि लैङ्गिक सम्वेदनशील हुन जरूरी छ । सो उद्देश्य पुरा गर्न सबै निकायहरूमा लैंङ्गिक सम्पर्क व्यक्ति तोकिएको हो । महिला, बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालयले लैंङ्गिक सम्पर्क व्यक्तिहरूको कार्यक्षेत्रगत शर्त (TOR) बनाई कार्यान्वयनमा ल्याएको छ । विभिन्न निकायका लैंङ्गिक सम्पर्क व्यक्तिहरूले आ-आफ्नो कार्यक्षेत्रमा सोअनुसार कार्य गर्न सके वा नसकेको सम्बन्धमा अन्तरक्रिया गर्ने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको थियो । यसको साथै दिगो विकासका १७ लक्ष्य मध्ये लक्ष्य-५ लाई सम्बोधन गर्न लैंङ्गिक सम्पर्क व्यक्तिहरूमार्फत लैङ्गिक मूलप्रवाहीकरणको प्रक्रियामा सम्वेदनशील तथा जिम्मेवार बनाँउदै सबै निकायमा लैङ्गिक समानता हासिल गर्न मद्दत पुऱ्याउने र लैङ्गिक समानता सम्बन्धी नीति योजना ऐन नियम तथा कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक-मैत्री बनाउन सहयोग पुऱ्याउनेपनि यस कार्यक्रमको उद्देश्य रहेको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- सहभागीहरूले आ-आफ्नो कार्य क्षेत्रमा लैङ्गिक सम्वेदनशील भई केकस्ता कार्यक्रमहरू सञ्चालन गरे सोको उपलब्धीको अभिलेखिकरण गरी राख्नु पर्ने;
- हरेक निकायमा तोकिएका लैङ्गिक सम्पर्क व्यक्तिलाई नाममात्र सीमित नगरी लैङ्गिक सम्पर्क व्यक्तिलाई अधिकार सम्पन्न बनाउनु पर्ने;
- लैङ्गिक सम्वेदनशील बजेट बृद्धि हुँदै जानु सकारात्मक पक्ष रहेकोले त्यसको वस्तुनिष्ठ अनुगमन हुनु पर्ने;
- हालको परिवेशमा पुरूषहरू पनि पीडत हुने भएको हुँदा लैङ्गिक दृष्टिकोण फराकिलो हुनु पर्ने ।

# परिच्छेद ७
## उजुरी, निवेदन तथा जाँचबुझ

### ७.१. उजुरी सम्बन्धी व्यवस्था

घरेलु हिंसा कसुर र सजाय ऐन, २०६६ को दफा ४(१) ले घरेलु हिंसा सम्बन्धी उजुरी सुन्ने निकायहरुमा नेपाल प्रहरी, स्थानीय निकाय, अदालत र राष्ट्रिय महिला आयोगलाई पनि तोक अनुरुप आयोगमा महिला विरूद्धको हिंसा र महिलामाथि हुने घरेलु हिंसा सम्बन्धी विषयमा उजुरी लिने गरिन्छ । महिला विरूद्धको हिंसा भन्नाले महिला भएकै कारणले महिला उपर भएको कुनै पनि किसिमको शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य हिंसा जस्ता कार्यहरू अथवा महिला पीडित हुने किसिमको विषयहरू महिला हिंसा अन्तर्गत पर्दछन् । घर परिवारका सदस्यहरू तथा नाता सम्बन्धका व्यक्तिहरूबाट महिलाउपर भएको हिंसालाई घरेलु हिंसा भनिन्छ भने कुनै पनि व्यक्ति वा संस्थाले महिलाहरूलाई नेपालको संविधान तथा कानूनले प्रदान गरेको अधिकारहरू प्रयोग गर्नबाट बञ्चित गरेको सबै किसिमको विषयहरूलाई महिला हिंसा भनिन्छ। यस आयोगमा परेको हिंसाका उजुरीलाई घरेलु हिंसा तथा महिला विरूद्ध हुने हिंसा गरी दुई प्रकारमा विभाजन गरी दर्ता गरिँदै आएको छ। गत आर्थिक वर्षको तथ्याङ्कलाई विश्लेषण गरेर हेर्दा ८७ प्रतिशत घरेलु हिंसा र १३ प्रतिशत महिला विरूद्ध हुने हिंसाका लागि उजुरी दर्ता भएको छ।

महिला हिंसाको घटनाको बारेमा पीडित महिला आफैं वा पीडित महिलाको तर्फबाट जो सुकैले आयोग समक्ष उजुरी दिन सक्नेछ। उजुरी गर्दा लिखित वा मौखिक र जुनसुकै फोनबाट **'खबर गरौं ११४५ हेल्पलाईन'** मा फोन गर्ने गरेर, **'खबर गरौं'** भन्ने एप डाउनलोड गरी एपमार्फत, www.nwc.gov.np वेवसाईटबाट घटनाको सम्बन्धमा उजुरी गर्न सक्ने व्यवस्था रहेको छ। मिति २०७४ साल मंसिरबाट प्रारम्भ गरिएको खबर गरौ ११४५ हेल्पलाईनमा फोन गर्दा पैसा लाग्दैन। यो टोलफ्री सेवा २४ सै घण्टा हप्ताको सातै दिन उपलब्ध छ। यसरी आयोगमा दिईने उजुरी दर्ता गरे वापत कुनै पनि शुल्क लाग्दैन।

आयोगमा उजुरी परेपछि उजुरीको बारेमा छानविन गर्दा प्रथम दृष्टिमा नै महिला हिंसा भएको देखिएमा त्यस्तो कार्य तत्काल रोक्नको लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई आदेश दिने, उजुरी छानविनको सम्बन्धमा विपक्षीलाई उपस्थित गराई जानकारी लिने, पक्षहरूलाई लिखत वा कागज प्रमाण पेशगर्न आदेश दिने, आवश्यक भएमा स्थलगत निरीक्षण गर्ने, कुनै सरकारी वा सार्वजनिक निकायबाट सम्बन्धित विषयको नक्कल झिकाउने, छानविन गरी सकेपछि मुद्दा दायर गर्न सिफारिस गर्ने, मेलमिलाप हुन सक्ने विषयमा मेलमिलाप गराइन्छ। त्यसै गरी आयोगले प्रदान गर्ने सेवाहरूमा कानूनी परामर्श, कुनै पनि अदालतमा मुद्दा वा रिट निवेदन दर्ता गर्नु पर्ने भएमा वा मुद्दा मामिलामा पीडितको तर्फबाट बहस पैरवी गर्नु परेको अवस्था भएमा निःशुल्क कानूनी सहायता, पीडितलाई मनोसामाजिक परामर्श, पीडितलाई तत्काल उद्धार गर्नु पर्ने देखिएमा उद्धार गरी आश्रय स्थलमा राख्ने लगायत आवश्यकता अनुसार अन्य विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय गरी पीडितलाई अधिकार दिलाउनको लागि पहल गरीदिने गरिएको छ।

आयोगले प्रदान गर्ने सेवाहरू मध्ये कानूनी सहायता र तत्काल आश्रय स्थल प्रदान गर्नको लागि विभिन्न गैर सरकारी निकायहरू मार्फत सेवा प्रदान गर्ने गरिएको छ। प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट अनुसन्धान भईरहेको वा भईसकेको उजुरीको विषयमा आयोगले छानबिन वा कारवाही गर्ने गरेको छैन। संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ को अधीनमा रही उल्लेखित उजुरीको दर्ता गरी उजुरी सम्बन्धी काम कारवाही गरिन्छ।

## आ.व. २०७६/०७७ मा राष्ट्रिय महिला आयोगमा परेको उजुरी विवरण

| महिना | घरेलु हिंसा | महिला हिंसा | साथी | ल्याक | टि.पि.ओ. नेपाल | सिविन | नेपाल वार | अन्य | सहमती भएको |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | १२२ | १८ | ८ | ५७ | १४ | ५ | ४ | १ | ४५ |
| भाद्र | १०४ | १४ | ५ | ३३ | ५ | ५ | ५ | २ | २७ |
| असोज | ५९ | २ | ० | ४३ | १४ | ५ | ५ | ४ | १७ |
| कार्तिक | ५६ | ४ | ४ | १४ | ८ | ० | ० | १ | ३४ |
| मंसिर | ८० | ५ | ० | २४ | १० | २ | ९ | ३ | ४२ |
| पुस | ९१ | १४ | २ | २० | २१ | १ | १० | २ | ३८ |
| माघ | ८५ | ६ | ५ | २८ | ११ | ३ | ५ | ५ | ३१ |
| फागुन | ७९ | १० | ५ | २७ | १५ | ३ | ६ | ४ | २९ |
| चैत्र | ३९ | ४ | ३ | २७ | १३ | ० | ३ | ४ | ८ |
| वैशाख | ३६ | ७ | ० | ० | २१ | १ | ० | २८ | ० |
| जेठ | ११५ | ३३ | १ | ० | ३४ | २ | ० | ४१ | ० |
| असार | १०३ | २३ | ४ | ४ | ३८ | २ | ० | २३ | ४ |
| **जम्मा** | **९६९** | **१४०** | **३७** | **२७७** | **२०४** | **२९** | **४७** | **११८** | **२७५** |

**आयोगमा परेका जम्मा उजुरीको मासिक विवरण**

आयोगमा स्थापना गरिएको विद्युतीय घटना व्यवस्थापन प्रणाली (Case Management System) मा आधारीत भई विश्लेषण गर्दा जम्मा ११०३ वटा घटनाहरू यस आयोगमा दर्ता भएको देखिन्छ  जसमध्ये ९६९ वटा घरेलु हिंसा तथा १४० वटा महिला विरूद्ध हुने हिंसाका घटना दर्ता भएको छ।



### आयोगमा परेको घरेलु हिंसा सम्बन्धी उजुरीको मासिक विवरण

यस आर्थिक वर्षमा घरेलु हिंसासँग सम्बन्धित जम्मा ९६९ वटा उजुरी दर्ता भएका थिए। मासिक दर्ताको विश्लेषण गरी हेर्दा सबै भन्दा धेरै श्रावण महिनामा जम्मा १२२ वटा उजुरी परेको देखिन्छ भने सबै भन्दा कम वैशाख महिनामा ३६ वटा मात्र उजूरी परेको देखिन्छ।




### आयोगमा परेको महिला विरूद्ध हुने हिंसा सम्बन्धी उजुरीको मासिक विवरण

यस आर्थिक वर्षमा महिला विरूद्ध हुने हिंसासँग सम्बन्धित उजुरीहरूलाई मासिक रूपमा हेर्दा एक वर्षमा जम्मा १४० वटा उजूरी दर्ता भएका थिए। आयोगमा दर्ता भएका यी उजुरीहरूमध्ये सबै भन्दा धेरै जेठ महिनामा ३३ वटा उजूरी दर्ता भएको देखिन्छ भने सबै भन्दा कम असोज महिनामा २ वटा मात्र उजूरी परेको देखिन्छ।




### हिंसाको प्रकृती

यस आयोगमा दर्ता भएका घरेलु हिंसाका प्रकृति अनुसार चार भागमा विभाजन गरिएको छ। गत आर्थिक वर्षमा परेका उजुरीमा सबै भन्दा बढी मानसिक हिंसा रहेको देखिन्छ। त्यसपश्चात आर्थिक हिंसा लगायत शारीरिक र यौनजन्य हिंसामा पनि महिलाहरू परेको देखिन्छ।

मानसिक हिंसालाई विश्लेषण गर्दा सबैभन्दा बढी श्रावण महिनामा र सबैभन्दा कम चैत्र महिनामा रहेको देखिन्छ। यसैगरी आर्थिक

हिंसाको घटनालाई हेर्दा सबैभन्दा बढी श्रावण महिना र सबैभन्दा कम बैशाख महिनामा रहेको देखिन्छ। यसैगरी श्रावण महिनामा शारिरीक हिंसा बढी भएको देखिन्छ भने सबैभन्दा कम चैत्र र बैशाख महिनामा परेको देखिन्छ। यौनजन्य हिंसा सबैभन्दा बढी भाद्र महिना र सबै भन्दा कम चैत्र र बैशाख महिनामा रहेको देखिन्छ।

**पीडितको उमेर समूह**

आयोगमा दर्ता भएको उजुरीलाई विभिन्न उमेर समूहमा विभाजित गरी विश्लेषण गर्दा सबैभन्दा बढी ५२ प्रतिशत २६-४० बर्षका उमेर समूहका रहेका छन्। त्यसैगरी २५ प्रतिशत १६-२५ बर्षका उमेर समूहका; १५ प्रतिशत ४१-६० उमेर समूहका; ६ प्रतिशत १६ बर्ष मूनिका रहेका छन् भने सबैभन्दा कम २ प्रतिशत ६० बर्ष माथिका रहेका छन् ।




**पीडितको वैवाहिक अवस्था**

यस आर्थिक वर्षमा आयोगमा दर्ता भएका उजुरीमा पीडितको वैवाहिक अवस्था हेर्दा ८४ प्रतिशत विवाहित महिला रहेको देखिन्छ। यसै गरी ११ प्रतिशत अविवाहित महिला, २ प्रतिशत सम्बन्ध विच्छेद र २ प्रतिशत सँगै बस्ने गरेको देखिन्छ भने १ प्रतिशत एकल महिला रहेका छन्।




**जातीयताका आधारमा वर्गीकरण**

जातीयताका आधारमा पीडितलाई वर्गीकरण गर्दा यस आर्थिक वर्षमा आयोगमा परेको उजुरीमा सबैभन्दा बढी ४४ प्रतिशत ब्राहमण

तथा क्षेत्री समुदायका रहेका छन् । यसै गरी २६ प्रतिशत पछाडी पारिएका पहाडी जनजाति समुदायका रहेका छन् भने तुलनात्मक रूपमा अगाडी रहेका जनजाति समुदायका १५ प्रतिशत र ३ प्रतिशत तुलनात्मक रूपमा पछाडी पारिएका तराईका जनजाति रहेका छन् । जातीयताका आधारमा विश्लेषण गर्दा पहाडी दलित १० प्रतिशत, तराईका दलित १ प्रतिशत र पछाडि पारिएका तराईका गैर दलित १ प्रतिशत रहेका छन् ।




**शिक्षाको आधारमा वर्गीकरण**

यस आर्थिक वर्षमा आयोगमा दर्ता भएका उजुरीकर्तामा शिक्षाको अवस्था हेर्दा २५ प्रतिशित पीडितहरू सामान्य लेखपढ गर्न सक्ने, १९ प्रतिशत माध्यमिक तहका शिक्षा हासिल गरेका, १६ प्रतिशत एस.ई.ई तह उत्तीर्ण गरेका, १५ प्रतिशत उच्च माध्यमिक तहका शिक्षा हासिल गरेका, १४ प्रतिशत प्राथमिक तहका शिक्षा हासिल गरेका, ७ प्रतिशत स्नातक तहका शिक्षा हासिल गरेका र २ प्रतिशत महिला स्नातक तह भन्दा माथिका शिक्षा हासिल गरेका रहेका छन् ।



**पीडितसँग पीडकको सम्बन्ध**

यस आयोगमा दर्ता भएका उजुरीहरूको अध्ययन गर्दा यस वर्ष पनि सबभन्दा बढी आफ्नै श्रीमानद्वारा हिंसा भएको देखिन्छ । ६३ प्रतिशत महिलाहरू आफ्नै श्रीमानद्वारा हिंसामा परेको देखिन्छ भने १९ प्रतिशत महिलाहरू आफ्नै परिवारका सदस्यहरूद्वारा हिंसामा परेको देखिन्छ । यसै गरी ४ प्रतिशत प्राथमिक हेरचाहकर्ता र साथीहरू तथा छर छिमेकबाट पीडित भएका छन् भने २ प्रतिशत दाजुभाइहरूद्वारा हिंसामा परेको देखिन्छ ।



# परिच्छेद ८
## विविध गतिविधि

### ८.१ लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सञ्चालन

महिला हिंसा विरूद्धको अभियानलाई सम्बोधन गर्नका लागि नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मका १६ दिनलाई अन्तराष्ट्रिय लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको रूपमा मनाईने गरिन्छ। आयोगबाट सञ्चालन गरिएको १६ दिने अभियानको शुरूवात ऱ्यालीबाट भएको थियो। मंसिर ९ गते आयोजना गरिएको उक्त ऱ्यालीको नेतृत्व आयोगले गरेको थियो जसमा सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधिहरू रहेका थिए। ऱ्यालीमा नेपाल प्रहरीको तर्फबाट एस.एस.पी. किरण बज्राचार्य, शसस्त्र प्रहरी बलको तर्फबाट डि.आई.जी. चन्द्र प्रकाश गौतम, गैर सरकारी संस्थाहरूको तर्फबाट कृष्ण कुमारी वाईबा र राष्ट्रिय महिला आयोगका सचिव दीपेन्द्र काफ्लेले आफ्नो भनाईहरू राख्नु भएको थियो।

आयोगले २०७६ मंसिर ८ गते पत्रकारसँगको अन्तरक्रियाबाट १६ दिने अभियानको शुरूवात गर्दै लैङ्गिक हिंसा निवारणका सम्बन्धमा विभिन्न जिल्लाहरूमा स्थानीय सरकारसँग विभिन्न कार्यक्रमहरू संचालन गरेको थियो।

### ८.२ महिला सेल्टरहरूको चौथों विश्व सम्मेलन

ताईवानको काउसिँगमा 5 November देखि 8 November 2019 सम्म आयोजना भएको महिला सेल्टरहरूको चौथो विश्व सम्मलेनलमा विश्वका १२० राष्ट्रहरूबाट १५०० को सहभागीता रहेको थियो। उक्त सम्मेलनमा नेपालको प्रतिनिधित्व राष्ट्रिय महिला आयोगका साथै आश्रयस्थल (सेल्टर) संचालन गर्ने संस्थाहरू साथी, एपिरोन र महिला आधारशीलाका प्रतिनिधिहरूले गरेका थिए।

Policy and Legislations सत्रमा यस आयोगका सचिव श्री दीपेन्द्र काफ्ले प्यानलिष्टका रूपमा रहनु भएको थियो। उहाँले नेपाल सरकारले गरेको राम्रा कार्यहरूका साथै नीति तथा कानुनहरू, आश्रयस्थलको व्यवस्था, **खबर गरौं १९४५ हेल्पलाईन** सेवाका साथै आयोगका कार्यहरूको बारेमा अवगत गराउनु भएको थियो। उक्त सत्रमा आयोगका पदाधिकारी हरूको रिक्तताको बारेमा पनि प्रश्न उठेको थियो।

### ८.३ राष्ट्रिय महिला आयोगको १८ औं स्थापना दिवस र खबर गरौं ११४५ हेल्पलाईन सेवा को दोस्रो वार्षिकोत्सव

यस आयोगको १८ औ स्थापना दिवस र **खबर गरौं ११४५ हेल्पलाईन** सेवाको दोस्रो वार्षिकोत्सवको उपलक्ष्यमा काठमाण्डौ, ललितपुर, भक्तपुर र नुवाकोट जिल्लाका उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूबीच महिला हिंसा निवारण र महिला सशक्तिकरणको विषयमा निबन्ध प्रतियोगीता सम्पन्न गरिएको थियो। उक्त प्रतियोगीतामा प्रथम, दोस्रो र तृतीय हुने विद्यार्थीहरूलाई पुरस्कारको समेत व्यवस्था गरिएको थियो। उक्त कार्यक्रमका विजेता विद्यार्थीरूको नामावली तथा पुरस्कार राशी निम्नानुसार रहेको छ :

| सि.न. | जिल्ला | पुरस्कृत हुने बिद्यार्थीको नाम | रकम रु. | बिद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | नुवाकोट | श्री विवेक सापकोटा | २०००० | श्री विन्दु केशर मा.वि म्यागङ | प्रथम |
| | | श्री सरिता मिजार | १५००० | श्री भैरवी मा.वि. असोक वाटिका | द्धितीय |
| | | श्री धनुमाया तामाङ | १०००० | जनज्योति उच्च मा.वि. किस्याङ | तृतीय |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | काठमाण्डौ | श्री दुर्गा न्यौपाने | २०००० | पद्ममोदय मा.वि. पुतलीसडक | प्रथम |
| | | श्री रंजित अधिकारी | १५००० | श्री ज्ञानोदय मा.बि. | द्धितीय |
| | | श्री प्रभाकर खनाल | १०००० | श्री विश्व निकेतन मा.वि | तृतीय |
| ३ | ललितपुर | श्री लक्ष्मि कँडेल | २०००० | श्री श्रमिक शान्ति मा.वि. | प्रथम |
| | | श्री अंकित उप्रेति | १५००० | श्री श्रमिक शान्ति मा.वि. | द्धितीय |
| | | श्री राजेश कुमार योञ्जन | १०००० | श्री हरिसिद्ध मा.वि | तृतीय |
| ४ | भक्तपुर | श्री यमुना खड्का | २०००० | श्री आदर्श मा.वि लायकु | प्रथम |
| | | श्री लक्ष्मी थापा | १५००० | श्री बागेश्वरी मा.वि. | द्धितीय |
| | | श्री प्रासु घिमिरे | १०००० | श्री पद्म मा.वि. | तृतीय |

आयोगले यस उपलक्ष्यमा महिला सशक्तीकरणका बारेमा आवाज उठाउने दुई जना पत्रकार श्री अवदेश झा र श्री अनिता श्रेष्ठलाई पनि सम्मान प्रदान गर्दै कदर पत्रका साथै नगद पुरस्कारको समेत व्यवस्था गरेको थियो । आयोगले दुईजना हिंसा प्रभावितलाई पनि केही कार्य गर्नका लागि नगद सहयोग प्रदान गरेको थियो ।

## ८.४. दातृ निकायहरूसँगको अन्तरक्रियात्मक कार्यक्रम

आयोगले २०७६ पौष १ गते विभिन्न दातृ निकायका प्रमुख तथा प्रतिनिधिहरूसँग अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रमको मुख्य उद्देश्य दातृ निकायहरूलाई आयोगको कार्यक्रमहरू, खबर गरौं ११४५ हेल्पलाईन सेवाको बारेमा जानकारी दिने र समन्वय र सहकार्य बृद्धि गर्ने रहेको थियो ।

उक्त कार्यक्रममा विश्व बैंक, UNFPA, DFAT, UNICEF, Australian Embassy, Norwegian Embassy, DFID का प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

**कार्यक्रममा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू**

- सेवा प्रदायक संस्थाहरूको नक्शांकन (Service Mapping) महत्वपूर्ण रहेको र यसलाई विस्तार गर्नु पर्ने;
- हेल्पलाईनको स्थायीत्वको लागि समन्वय र सहकार्य गर्नु पर्ने;
- पीडितहरूले पाईरहेका सेवाहरूको अभिलेखीकरण गर्नु पर्ने;
- हेल्पलाईनको पहुँचमा विस्तार गर्नु पर्ने;
- उपलब्ध स्रोतहरूको अत्यधिक प्रयोग गर्नु पर्ने ।

## ८.५. सञ्चारकर्मीसँगको अन्तरक्रिया

२०७६ पौष २४ गते आयोगको भूमिका सम्बन्धी सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा सञ्चारकर्मी र आयोगबीच गहन छलफल भएको थियो । कार्यक्रमको विषयमा केन्द्रित रहेर आयोगको भूमिकालाई कसरी सरोकारवाला निकायसँग सहकार्य गर्न सकिन्छ र आयोग प्रदेशस्तरमा कसरी अगाडी बढ्न सक्छ भन्ने विषयमा छलफल गरिएको थियो ।

## ८.६ प्रकाशन तथा प्रसारण

यस आयोगले विभिन्न सचेतनामूलक कार्यक्रमको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने कार्य गर्दै आएको छ । समसामयिक विषयमा होडिंग बोर्ड, ब्रोशर, फ्लायर तथा जिङ्गलबाट सचेतनामूलक कार्यक्रमहरू सम्पन्न गरेको थियो । आयोगका प्रकाशन पुस्तक पम्प्लेट ब्रोसियर सातै प्रदेशमा प्रदेश राजधानी स्थित विभिन्न कार्यालयहरूमा वितरण गरिएको थियो ।

### ८.६.१ महिला आयोग खवर-पत्र (चौमासिक बुलेटीन)

आयोगका नियमित गतिविधि, आयोगमा परेका महिला हिंसाका उजुरीहरू, आयोगबाट विभिन्न जिल्लाहरूमा भएका महिला हिंसाका घट्नाहरूको अनुगमन, महिला सरकोकारका विविध विषयहरूमा केन्द्रित भई विज्ञहरूद्वारा गराईएका अध्ययन

अनुसन्धानका विषयहरू, जनचेतना अभिवृद्धि  तथा अधिवाचन, व्यक्तिगत उजुरी तथा सुनुवाई आदि विषयलाई समेटेर आयोग खबर-पत्र (चौमासक बुलेटीन) विगत केही वर्षदेखि प्रकाशन गर्दै आएको छ। यस वर्ष उक्त चौमासिक बुलेटिनको बर्ष ७, अंक १, २ र ३ चैत्र २०७५- असार, २०७६ प्रकाशन गरी वितरण गरियो।

### ८.६.२ आर्थिक वर्ष २०७५।७६ को आयोगको वार्षिक प्रतिवेदन

आयोगद्वारा आ.व. २०७५/७६ मा सम्पन्न गतिविधिहरू खासगरी महिला अधिकारको अवस्थालगायतका विषयमा गरिएको अनुगमन, सचेतना अभिवृद्धि कार्यक्रम, विभिन्न दिवसीय कार्यक्रमहरू, गोष्ठी अन्तरक्रिया, क्षमता अभिवृद्धि तालिम, आयोगमा परेका उजुरीहरू तथा कारवाहीको अवस्था लगायतका विषयवस्तुहरू तथा खर्च सम्बन्धी विवरण उल्लेख गरी वार्षिक प्रतिवेदन प्रकाशन तथा वितरण गरिएको थियो।

### ८.६.३ होर्डिङ्ग बोर्ड

जनचेतना अभिवृद्धि  गर्ने सूचनामूलक सन्देशहरू उल्लेखित होर्डिङ्ग बोर्ड तयार गरी ती होर्डिङ्ग बोर्डहरू सार्वजनिक स्थल, साँस्कृतिक स्थल र पार्किगं क्षेत्र जहाँ मानिसहरूको आवतजावत बढी छ त्यही स्थानहरुमा पर्ने गरी भण्टावारी-सुनसरी, बर्दिवास-महोत्तरी, कास्की-पोखरा र भरतपुर- चितवनमा राखिएको थियो। आयोगबाट तयार गरिएको होर्डिङ्ग बोर्डले जनमानसमा सकारात्मक सन्देश दिनुको साथै हिंसा निवारणका लागि सुचनामूलक सन्देश प्रवाहगर्न महत्वपूर्ण भूमिका खेलेको थियो।

### ८.६.४ ब्रोशर, फ्लायर, Factsheet र पोस्टर

त्यसै गरी जनचेतना जगाउने उद्देश्यले राष्ट्रिय महिला आयोगको परिचय सहितको ब्रोशर, आयोगले सञ्चालन गरेको **खबर गरौं ११४५ हेल्पलाईन** सेवा सम्बन्धी जानकारी सहितको सन्देशमूलक फ्लायर, Factsheet तथा पोस्टरका माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने, हिंसा निवारण गर्ने किसिमका सन्देशमूलक प्रकाशन गरिएको थियो।

### ८.६.५ जिङ्गल (PSA/TVC)

आयोगले जिङगल तथा श्रव्यदृश्यको माध्यमबाट जनचेतना अभिवद्धि तथा हिंसा निवारणका लागि तीन वटा भाषा नेपाली, भोजपुरी र मैथलीमा विभिन्न जिल्लाहरूको लागि जिङगल उत्पादन गरी प्रसारण गरेको थियो। सकारात्मक सन्देश पुगेको जानकारी समेत प्राप्त भएको हुँदा महिला हिंसा निवारणका क्षेत्रमा योगदान पुगेको मान्न सकिन्छ। आयोगले विभिन्न रेडियो तथा एफ.एमहरूमार्फत आयोगबाट प्रदान गरीने सेवाहरूको साथै महिला सशक्तीकरण सम्बन्धी विभिन्न सूचनाहरूका प्रशारण गर्दै आएको छ।

### ८.६.७ रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण

रेडियो नेपालबाट अबका महिला नामक रेडियो कार्यक्रम हरेक महिनाको दोस्रो र चौथो बिहीबार बिहान ७:४० देखि ७:५५ बजेसम्म विभिन्न विषयहरूमा केन्द्रित रही प्रसारण गरिएको थियो।

# परिच्छेद ९

## कोभिड १९ को महामारीको कारण भएको बन्दाबन्दीमा लैङ्गिक हिंसा निवारणमा राष्ट्रिय महिला आयोगका प्रयास

### ९.१ पृष्ठभूमी

विश्वभर कोभिड १९ को कारण फैलिएको महामारीबाट बच्न नेपाल सरकारले लागू गरेको बन्दाबन्दीको अवधिमा समेत महिला तथा बालबालिकामाथि हिंसा हुन सक्ने कुरालाई मध्यनजर गर्दै आयोगले **खबर गरौं ११४५ हेल्पलाईन** सेवा लाई २४ सै घण्टा संचालन गरी प्रभावितहरूका लागि विभिन्न निकायहरूसँगको समन्वयमा सबै सेवाहरूको निरन्तरता दिएको थियो।

बन्दाबन्दीको समयमा आयोगले मनोसामाजिक परामर्श आवश्यक भएका हिंसा प्रभावितहरूलाई **खबर गरौं ११४५ हेल्पलाईन** सेवामार्फत सेवा प्रदान गर्नुको साथै साझेदार संस्था टि.पि.ओ. नेपालको टोल फ्रि नं. १६६००१०२००५ मार्फत बिहान ८.०० देखि साँझ ६.०० बजेसम्म मनोसामाजिक परामर्श र मनोचिकत्सकीय सेवाहरू प्रदान गर्दै आएको छ। त्यसै गरी आयोगका कर्मचारी, कानुनी सहयोग तथा परामंश केन्द्र (LACC) र टि.पि.ओ. नेपालमार्फत कानुनी परामर्श प्रदान गर्दै आएको छ। प्रभावितहरूलाई तत्काल उद्धार गरी आश्रयस्थलको सेवा दिन आवश्यक भएको अवस्थामा साथी संस्थासँगको साझेदारीमा अल्पकालिन आश्रयसेवा दिदैं आएको छ भने आवश्यकतानुसार अन्य संस्थाहरूसँग पनि समन्वय गर्दै आएको छ। बन्दावन्दीको अवधिमा आएका नयाँ पीडितहरूलाई आश्रयस्थलमा राख्नुअघि कोभिड १९ को परीक्षण गरी नकारात्मक नतीजा पश्चात मात्र आश्रयस्थलमा राख्ने व्यवस्था गरिएको छ। यसैगरी हिंसाबाट प्रभावित बालबालिकाहरूका लागि साझेदार संस्था सिविनमार्फत विशेष गरी मनोसामाजिक परामर्श, आश्रयस्थलको सेवाका साथै अन्य आवश्यक सेवाहरू प्रदान गर्दै आएको छ।

बन्दाबन्दीको अवधिमा समेत हिंसा पीडित महिलाहरूले नेपालका सबै जिल्लाहरूबाट **खबर गरौं ११४५ हेल्पलाईन** सेवा मार्फत विभिन्न सेवा लिन सक्ने व्यवस्था मिलाइएको छ। बन्दाबन्दीको समयावधिमा पनि नेपालको पूर्वी जिल्ला ताप्लेजुङ देखि सुदुरपश्चिम प्रदेशका कन्चनपुरसम्म जतातत्तैबाट फोनकलहरू प्राप्त भएका थिए।

आयोगले **खबर गरौं ११४५ हेल्पलाईन** सेवा मार्फत महिलामाथि हिंसा भएमा के गर्ने ? कहाँबाट कसरी सहयोग प्राप्त गर्ने ? भन्ने विषयमा विभिन्न माध्यमहरूबाट आवश्यक सूचनाहरू प्रदान गर्नुका साथै पीडितहरूलाई अन्य सेवाप्रदायक निकायहरूसँग समन्वय गरी आवश्यक सेवामा पहुँच पुऱ्याउने प्रयाससमेत गर्दै आएको छ।

कोभिड १९ महामारीको कारण भएको यस चार महिनाको बन्दाबन्दीको ( चैत्र ११, २०७६ देखि असार १०, २०७७) अवधिमा **खबर गरौं ११४५ हेल्पलाईन** सेवामा जम्मा १५४५ वटा लैङ्गिक हिंसा सम्बन्धी विभिन्न किसिमका जानकारीका लागि फोनकल प्राप्त भएका थिए भने ३८७ वटा उजुरी दर्ता भएका थिए। यसैगरी बन्दाबन्दीको समयमा १५६६ वटा पुन : ताकेता (Follow-up) फोनकल प्राप्त भएका थिए। फोनकल गर्ने २३२ जनालाई विभिन्न संघ संस्थाहरूसँग समन्वय गरी आवश्यक सेवामा पहुँच पुऱ्याईएको थियो। यस समयमा जानकारीका लागि आएको फोनकलको संख्या पहिलेको तुलनामा उल्लेखनीय रूपमा बृद्धि भएको थियो। यस बन्दाबन्दीको समयमा पहिलेनै उजुरी दर्ता गरेका पीडितहरू पनि हेल्पलाईनको सम्पर्कमा आएको कारणले पनि फलोअप फोनकलको संख्यामा वृद्धि भएको थियो।

यस समयमा आयोग तथा अन्य साझेदार संस्थाहरूमार्फत विभिन्न सेवा प्रदान गरिएको थियो जसमा ७७८ मनोसामाजिक मनोविमर्शको सत्र ३६१ कानुनी परामर्शको सत्र प्रदान गरिएको थियो। यसका अतिरिक्त हिंसा पीडित महिलाहरूलाई आवास सेवा, मनोसामाजिक परामर्श, उद्धार, आकस्मिक राहत लगायतका सेवाहरू पनि प्रदान गरिएको थियो।

यस अवधिमा दर्ता भएको उजुरीमा ४४ प्रतिशत पीडितहरू मानसिक हिंसा, २६ प्रतिशत पीडितहरू शारीरिक हिंसा, २३ प्रतिशतपीडितहरू आर्थिक हिंसा र ६ प्रतिशतपीडितहरूले यौन जन्य हिंसा भोग्नु परेको हेल्पलाईनको तथ्याङ्कबाट देख्न सकिन्छ। यस अवधिमा **खबर गरौँ ११४५ हेल्पलाईन** सेवामा प्राप्त भएको फोनकलमा आधारित हुदाँ १२३७ घरेलु हिंसा र ३०६ वटा महिला हिंसासँग सम्बन्धित घटना रहेका थिए। बन्दाबन्दीको अवधिमा हेल्पलाईनमा प्राप्त फोनकलहरूमध्ये घरेलु हिंसासँग सम्बन्धित फोनकल यस अवधिको चौथो महिनामा बढी आएको थियो भने महिला हिंसा सम्बन्धी फोनकल तेस्रो महिनामा बढी आएको थियो।

हेल्पलाईनमा आएको फोनकलहरूलाई थप विश्लेषण गरी हेर्दा बाग्मती प्रदेशबाट घरेलु हिंसा र महिला हिंसाका फोनकल बढी मात्रामा प्राप्त भएको थियो। यसका साथै प्रदेश २ बाट सबै भन्दा बढी महिला हिंसा सम्बन्धित फोनकल प्राप्त भएको थियो। अन्य प्रदेशको तुलनामा कर्णाली र गण्डकी प्रदेशबाट कम मात्रामा फोनकल प्राप्त भएको थियो। यसै गरी अन्य प्रदेशको तुलनामा बाग्मती प्रदेशबाट बढी मात्रामा उजुरी दर्ता भएको थियो।

यस हेल्पलाईनमा दर्ता भएका हिंसाको घटनामा ११०५ जनालाई मानसिक यातना, ८१९ जनालाई शारीरिक यातना र ३५८ जनालाई आर्थिक यातना भएको देखिन्छ। अभिलेखीकरण भएको घटना अनुसार बाग्मती प्रदेशमा मानसिक यातना, शारीरिक यातना, आर्थिक यातना, कानुनी कागजात (नागरीकता, विवाह दर्ता, जन्म दर्ता, सम्पत्तिमा माथिको स्वामित्वको दस्तावेज) सम्बन्धीका समस्या, चरित्र हत्या जस्ता हिंसाहरू अन्य प्रदेशको तुलनामा बढी भएको देखिन्छ।

बन्दाबन्दीको समयमा यस आयोगमा उजुरी दिने पीडितहरूमध्ये सबै भन्दा बढी ४५ प्रतिशत पीडित २६-४० बर्षका उमेर समूहका थिए। यसैगरी हेल्पलाईनमा सम्पर्क गर्ने सेवाग्राही मध्ये २८ प्रतिशत साधारण लेखपढ गर्न सक्ने, १९ प्रतिशत उच्च शिक्षा हासिल गरेका १७ प्रतिशत एस.एल.सी सम्मको अध्ययन गरेका व्यक्ति रहेका थिए। यसलाई थप विश्लेषण गरेर हेर्दा ४५ प्रतिशत पीडितहरू ब्राम्हण/क्षेत्री समुदायका रहेका छन्। प्राप्त उजुरीलाई विश्लेषण गर्दा ७१ प्रतिशत पीडकहरू आफ्ना घर भित्र र नजिकका व्यक्तिहरू देखिएको छ।

## ९.२ बन्दाबन्दीको समयमा प्रदान गरिएको सेवा

### ९.२.१ बन्दाबन्दीको समयमा खबर गरौं ११४५ हेल्पलाईन सेवामा प्राप्त भएका फोनकलहरू

चित्र नं १ मा उल्लेख भए अनुसार बन्दाबन्दीको समयमा विभिन्न जानकारीको लागि फोनकल प्राप्त गर्नुका साथै फलोअप




**चित्र नं. १ फोनकलको विवरण**

कलप्राप्त भएको थियो । विभिन्न जिल्लाहरूबाट प्राप्त फोनकलहरूलाई सेवामा पहुँच गराउनको लागि विभिन्न सेवा प्रदायक संघ, संस्थाहरू जिल्ला प्रहरी कार्यालय र स्थानीय निकायहरूमा समन्वय गरिएको थियो । **खबर गरौं १९४५ हेल्पलाईन** सेवामा प्राप्त गरेको फोनकलहरू मध्ये १५४५ फोनकल महिला हिंसा लगायत अन्य जानकारीका लागि आएको थियो भने १५६६ भने पहिले नै उजुरी दिईसकेका पीडितहरूले थप जानकारीको लागि पुनः फोनकल गरेका थिए ।

यसैगरी प्राप्त भएका २३२ फोनकल गर्ने सेवाग्राहीहरूलाई सेवामा पहुँच गराउन विभिन्न सेवा प्रदायक संस्थाहरूमा जोड्ने प्रयास भएको थियो । जानकारीको लागि आएका फोनकलहरूमा धैरै जसो कोभिड १९ सम्बन्धित जानकारी लिनका लागि गरिएका फोनकल थिए । यसका साथै माहामारीले पीडितहरूको दैनिक जीविकोपार्जनमा प्रत्यक्ष असर पुऱ्याएको पनि जानकारी दिएका थिए ।

### ९.२.२ सेवा प्रदायक निकायहरूसँग समन्वय तथा सेवामा पहुँच सम्बन्धी विवरण

यस बन्दाबन्दीको समयमा **खबर गरौं १९४५ हेल्पलाईन** सेवाले विभिन्न महिला संघ, संस्थाहरू जिल्ला प्रहरी कार्यालय र अन्य सेवा प्रदायक संस्थाहरूमा समन्वय गरी पीडितलाई सेवामा पहुँच गराएको थियो । मानव सेवा आश्रम, ओरेक, डब्लु.एस.सी, माईती नेपाल, सेलर्ड जस्ता सेवा प्रदायक संस्थाहरू लगायत जिल्ला प्रहरी कार्यालयहरूमा पीडितहरूलाई सेवामा पहुँच गराईएको थियो । यस अवधिमा सबभन्दा बढी पीडित (९३ जना) लाई विभिन्न जिल्ला प्रहरी कार्यालयहरूसँग समन्वय गरी पीडितहरूलाई सेवामा पहुँच पुऱ्याईएको थियो ।




**चित्र नं. २ सेवा प्रदायक संस्थासँग समन्वय सेवामा पहुँच**

### ९.२.३ राष्ट्रिय महिला आयोग र साझेदार संस्थाहरूद्वारा प्रदान गरिएको सहयोग तथा सेवाहरू

यस बन्दाबन्दीको अवधिमा आयोगले आफ्ना साझेदार संस्थाहरू : ल्याक, सीविन, साथी र टि.पि.ओ. नेपाल लगायत अन्य सेवा प्रदायक संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी हिंसा पीडितलाई विभिन्न किसिमका कानुनी, मनोसामाजिक मनोविमर्श र आश्रयस्थल सम्बन्धी सेवाहरू प्रदान गरेको थियो । चित्र ३ मा मा आयोगका साझेदार संस्थाहरूद्वारा प्रदान गरिएको सेवाको विवरण देख्न सकिन्छ जसमा टि.पि.ओ नेपालले ४६५ जना, सिविनले १५७ जना, साथी संस्थाले १४८ जना र ल्याकले २० जनालाई विभिन्न किसिमका सेवाहरू प्रदान गरेको थियो ।




**चित्र नं ३. साझेदारी संस्थाहरूद्वारा प्रदान गरीएको सेवाको संख्या**

चित्र ४ मा यस आयोगलगायत साझेदार संस्थाहरूले प्रदान गरेको सेवाहरू देख्न सकिन्छ। यस चार महिनाको बन्दाबन्दीको अवधिमा विभिन्न जिल्लाका हिंसा पीडित महिलाहरूलाई मनोसामाजिक मनोविमर्श ७५६ सत्र, कानुनी परामर्श ३३३ सत्र र १४ जना पीडित महिलाहरूलाई आश्रयस्थलको व्यवस्थापन गरिएको थियो।




**चित्र नं ४ रा.म. आ. र साझेदारी संस्थाहरूद्वारा प्रदान गरीएको सेवाको संख्या**

## ९.३. प्राप्त भएका उजुरीमा हिंसाका प्रकार

### ९.३.१ हिंसाका प्रकार

यस आयोगले महिला माथि हुने हिंसालाई चार प्रकारमा वर्गीकरण गरी दर्ता गर्ने गरेको छ। चार महिनाको बन्दाबन्दीको अवधिमा चित्र नं ५ उल्लेख भए अनुसार सबै भन्दा बढी मानसिक हिंसाको घटना दर्ता भएको देख्न सकिन्छ। मानसिक हिंसा सम्बन्धी थप विश्लेषण गर्दा दोस्रो महिनामा सबभन्दा बढी ४८ प्रतिशत मानसिक हिंसा भएको देखिन्छ। यसैगरी शारीरिक र आर्थिक यातना भोग्नु परेका व्यक्तिहरूले मानसिक यातना पनि भोग्ने गरेको तथ्याङ्कबाट प्रष्ट हुन्छ। महिलाहरूले विभिन्न

प्रकारका लाञ्छनाको शिकार हुनु परेको छ जसको कारण मानसिक स्वास्थ्यमा असर परेको देखिन्छ । यसैकारणले गर्दा आयोगले बन्दाबन्दीको समयमा पनि फोन मार्फत सेवाग्राहीहरूलाई मनोसामाजिक मनोविमर्श सेवा प्रदान गरेको थियो । आयोगले टि.पि.ओ. नेपालसँग समन्वय गरी पीडितहरूलाई मनोसामाजिक मनोविमर्श तथा मानसिक स्वास्थ्य सम्बन्धी विभिन्न किसिमका सेवाहरू प्रदान गरेको थियो । बन्दाबन्दीको समयमा महिला माथि हुन सक्ने विभिन्न किसिमका हिंसा र यसबाट कसरी बच्ने भन्ने सम्बन्धी विभिन्न जानकारीमूलक सन्देश रेडियो मार्फत प्रवाह गरेको थियो ।

यस बन्दाबन्दीको चार महिनाको समय (चैत्र देखि असारसम्म) मा प्राप्त उजुरीमा ६ प्रतिशत यौनजन्य हिंसाको उजुरी परेको छ। २७ प्रतिशत पीडितहरूले फोनकल मार्फत शारीरिक हिंसा, २३ प्रतिशत पीडितहरूले आर्थिक हिंसा सम्बन्धी उजुरी गरेका थिए । धेरै पीडितहरूले खाना र अत्यावश्यक वस्तु पनि घर परिवारबाट प्राप्त नभएको जानकारी गराएका थिए। बन्दाबन्दीको यस अवधिमा सबैभन्दा बढी ३० प्रतिशत फोनकलहरू तेस्रो महिनामा प्राप्त भएका थिए।




**चित्र नं ५. उजुरी प्राप्त भएका हिंसा (प्रतिशत)**

### ९.३.२ हिंसाको स्वरूप

### ९.३.२.१ घरेलु हिंसा सम्बन्धी प्राप्त भएका फोनकलहरू

चार महिनाको बन्दाबन्दीको अवधिमा खबर गरौं ११४५ हेल्पलाईन सेवामा उजुरी लगायत जानकारीको लागि घरेलु हिंसा सम्बन्धी १२६७ फोनकल प्राप्त भएका थिए। बन्दाबन्दीको पहिलो महिनामा ११९, दोस्रोमा महिनमा ३४५, तेस्रो महिनमा ३९१ र चौथो महिनामा ४१२ घरेलु हिंसा सम्बन्धि फोनकलहरू प्राप्त भएका थिए।




**चित्र नं ६. घरेलु हिंसा सम्बन्धि प्राप्त भएका फोनकलहरूको संख्या**

९.३.२.२ महिला हिंसा सम्बन्धी प्राप्त भएका फोनकलहरू

**खबर गरौं ११४५ हेल्पलाईन** सेवामा चार महिनाको बन्दाबन्दीको अवधिमा महिला हिंसा सम्बन्धी जम्मा ३०६ फोनकल प्राप्त भएको थियो । यस चार महिनाको अवधिको पहिलो महिनामा ५५, दोस्रो महिनामा ८४, तेस्रो महिनामा ९७ र चौथो महिनामा ७० महिला हिंसा सम्बन्धि फोनकलहरू प्राप्त भएको थियो ।




**चित्र नं ७. महिला हिंसा सम्बन्धि प्राप्त भएका फोनकलहरूको संख्या**

९.३.३ प्राप्त फोनकलको हिंसाको प्रकारको प्रदेशगत स्थिति

चित्र नं ८ मा घरेलु हिंसा तथा महिला हिंसाको घटनालाई प्रदेशस्तरीय रूपमा  प्रस्तुत गरिएको छ। चित्रलाई हेर्दा ४४८ घरेलु  हिंसा र १०१ वटा फोनकल महिला हिंसा सम्बन्धी बागमती प्रदेशबाट प्राप्त भएको देखिन्छ। यसै गरी सबैभन्दा कम फोनकल गण्डकी प्रदेशबाट आएको देखिन्छ जसमा १२ वटा महिला हिंसासँग सम्बन्धित छन् भने ९३ फोनकल घरेलु हिंसासँग सम्बन्धित रहेको छ। यसैगरी कर्णाली प्रदेशबाट २२ वटा महिला हिंसा र ८२ वटा घरेलु हिंसा सम्बन्धी फोनकल प्राप्त भएको छ।

बन्दाबन्दीको समयमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूले रेडियो मार्फत **खबर गरौं ११४५ हेल्पलाईन** सेवाबारे जानकारी गराएका थिए। बन्दाबन्दीको समय अगाडि पीडितहरूलाई प्रत्यक्ष रूपमा परामर्श सेवा र छलफल गराईन्थ्यो भने बन्दाबन्दीको अवधिमा फोन मार्फत यस प्रकारका सेवाहरू प्रदान गरिएको थियो।




**चित्र नं ८. प्रदेशस्तरबाट फोनकल मार्फत आएको हिंसाको संख्या**

### ९.३.४ दर्ता भएका घटनाहरुको प्रदेशस्तगत विवरण

आयोगमा दर्ता भएका सबै घटनाहरूमा सेवाग्राहीलाई  सेवा दिन नसकेको खण्डमा अन्य संघ संस्थाहरूमा पनि सेवाको लागि समन्वय गराई दिने कार्य गरिँदै आएको छ । बन्दाबन्दीको अवधिमा विभिन्न प्रदेशबाट दर्ता भएका घटनाहरू निम्न प्रकार रहेका छन् ।

आयोगमा दर्ता भएका ३८७ उजुरी मध्ये ३१३ वटा घरेलु हिंसा र ८४ वटा महिला हिंसासँग सम्बन्धित छन  जसमध्ये सबै भन्दा बढी बागमती प्रदेश वटा १५२ वटा घरेलु हिंसा र ४० वटा महिला हिंसामा घटनाहरू भएको छन् भने गण्डकी र कर्णाली प्रदेशबाट सबैभन्दा कम घटना दर्ता भएको अवस्था छ । हेल्पलाईनमा दर्ता भएको उजुरीमा २७ वटा घरेलु हिंसा र ३ वटा महिला हिंसाका घटना गण्डकी प्रदेशबाट छन् भने १८ वटा घरेलु हिंसा र २ वटा महिला हिंसा कर्णाली प्रदेशबाट दर्ता भएका छन् ।

समग्रमा राष्ट्रिय महिला आयोगमा दर्ता भएका उजुरीमा सबैभन्दा कम पहिलो महिनामा १२ वटा घरेलु हिंसा र ८ वटा महिला हिंसा सम्बन्धी उजुरी र सबैभन्दा बढी चौथौ महिनामा १३८ वटा घरेलु हिंसा र २७ वटा महिला हिंसाको घटना दर्ता भएको छ।




### ९.३.५ बढी उजुरी भएका हिंसाका घटनाहरु

बन्दाबन्दीका अवधिमा उजुरी भएका  हिंसाका घटनाहरू मध्ये सबैभन्दा बढी मानसिक यातना (११०५), शारीरिक यातना (८१९), आर्थिक  यातना (३५८) रहेको छ। दोस्रो महिनामा शारीरिक यातना पहिलो महिनाको तुलनामा तीन गुणा बृद्धि भएको पाईएको छ। धेरै पीडितहरूलाई यस प्रकारको हिंसा श्रीमान वा परिवारको सदस्यबाट भएको पाईएको छ।




९.३.६ उमेरको आधारमा पीडितको विवरण

पीडितहरूको उमेर समूहको आधारमा उजुरी दर्ता भएका घटनाहरूको निम्न चित्र नं ११ ले थप जानकारी प्रदान गर्दछ। माथिको चित्रको आधारमा हेर्दा सबैभन्दा बढी ४७ प्रतिशत पीडितहरू २६-४० उमेर समूहका रहेका छन् भने ३३ प्रतिशत पीडितहरू १६-२५ बर्ष उमेर समूहका रहेका छन्। यसैगरी १२ प्रतिशत पीडितहरू ४१-६० बर्ष उमेर समूह र १२ प्रतिशत पीडितहरू ६० बर्ष भन्दा बढी उमेर समूहका रहेका छन्।




**चित्र नं ११. पीडितको उमेर**

**शैक्षिकस्तरको आधारमा**

चित्र नं १२ ले देखाए अनुसार २८ प्रतिशत पीडितहरूले आधारभूत शिक्षा प्राप्त गरेका छन् भने १९ प्रतिशत पीडितहरूले उच्च शिक्षा सम्मको अध्ययन पूरा गरेका छन्। यसैगरी १७ प्रतिशतले एस.एल.सी. उत्तीर्ण गरेका छन् भने ६ प्रतिशत ले स्नातक र ३ प्रतिशत पीडितहरूले स्नातक भन्दा बढी शिक्षा प्राप्त गरेका छन्।




**चित्र नं. १२ पीडितको शैक्षिक स्तर**

**जातीयताको आधारमा**

यस आयोगमा दर्ता भएका उजुरीहरू मध्ये सबै भन्दा बढी (४५५) ब्राहमण/क्षेत्री समुदायका व्यक्तिहरूका उजुरी रहेका छन् भने सबै भन्दा कम पछाडी पारिएका गैर दलित (तराई) समुदायका रहेका छन् ।




**चित्र १३. पीडित (जातीयताको आधारमा)**

**पीडक र पीडितबीचको सम्बन्ध**

बन्दाबन्दीको अवधिमा ७१ प्रतिशत पीडकहरू पीडितको श्रीमान वा निकट सम्बन्ध भएका व्यक्ति पाईएको छ। बन्दाबन्दीको समय भन्दा अगाडिको ४ महिनाको अवधिमा पनि ६६ प्रतिशत पीडित आफ्नो श्रीमान् वा निकट सम्बन्ध भएको व्यक्ति

रहेको देखिन्छ । पीडित मध्ये ११ प्रतिशत पीडित परिवारको सदस्य बाहेक प्राथमिक हेरचाह गर्ने व्यक्तिबाट हिंसामा परेका उजुरी दर्ता बाट देख्न सकिन्छ ।




**चित्र १४. पीडक र पीडितबीचको सम्बन्ध**

## ९.४ बन्दाबन्दीले महिलामाथि पारेको प्रभाव

प्राप्त जानकारीहरूको आधारमा बन्दाबन्दीको असर समाजमा रहेका सबै मानिसहरूमाथि परेता पनि महिला तथा बालबालिकामाथि यसको नकारात्मक प्रभाव बढी पर्न गएको देखिन्छ। बन्दाबन्दीको समयमा घर बाहिर अन्य निकायमा गएर उजुरी गर्न समस्या पर्ने हुनाले पनि आयोगको **खबर गरौं ११४५ हेल्पलाईनमा** आएका फोनकलहरूमा बृद्धि भएको पाईन्छ। यस्तो अवस्थामा हेल्पलाईन सेवाको महत्व पनि बढेको देखिन्छ। बन्दाबन्दीको कारण आयोगबाट तथा अन्य निकायहरूबाट प्रत्यक्ष उपस्थित भएर प्रदान गरिदैं आएका सेवाहरूमा केही सीमितता रहेको कारण पनि फोन कल बढेको हुनसक्छ।

बन्दाबन्दीको समयमा आश्रयस्थल तथा अन्य सुरक्षित ठाँउमा जानका लागि पनि आवातजावतमा रोक लागेको कारण महिलाहरू हिंसा सहेरै बस्न पनि बाध्य भएका छन् । यस अवधिमा मानसिक हिंसामा बृद्धि भई महिलाहरूले आत्महत्याको प्रयास गर्नुका साथै कतिपयले आत्महत्या गरेको तथ्यांक पनि बाहिर आएको हुदाँ बन्दाबन्दीको समयावधि थप हुदै जाँदा महिला सुरक्षाको विषयलाई कसरी सम्बोधन गर्ने ? भन्ने विषय जटिल बनेको छ। बन्दाबन्दीको समयमा यौनजन्य हिंसामा बृद्धि हुनुका साथै वैवाहिक बलात्कारका घटना समेत बाहिर आएका तर तत्काल कानुनी कारवाहीमा जान नसक्दा र प्रमाणहरू सुरक्षित हुन नसक्दा महिलाको न्यायमा पहुँच चुनौतिपूर्ण बनेको छ। बन्दाबन्दीको समयमा सेवामा सीमितता भएकोले घटना व्यवस्थापनमा समेत कठिनाई भइरहेको छ। आश्रयस्थल आवश्यक परेका अति प्रभावित महिलाहरूका लागि प्रभावकारी र सुरक्षित आश्रयस्थलको व्यवस्थापन, रोगको परीक्षण प्रक्रिया र पहुँचमा समेत समस्याहरू देखिएका छन् ।

## ९.५ समन्वय र सहकार्य

आयोगले बन्दाबन्दीको समयमा हेल्पलाईन मार्फत प्रदान गर्दै आएको सेवाका अतिरिक्त महिला तथा बालबालिकाहरूको सुरक्षा र संरक्षणका विषयमा पैरवी तथा अधिवाचन गर्नुको साथै विभिन्न सरकारी तथा नागरीक समाजसँग समन्वय र सहकार्य गर्दै आएको छ। आयोगले निर्देशिका तथा नीतिगत विषयहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग समन्वय र सहकार्य गर्दै आएको छ। त्यसैगरी स्थानीय प्रशासन तथा नेपाल प्रहरीसँगको समन्वय र सहकार्यमा बढी जोखिममा रहेका पीडितहरूको संरक्षण, तत्काल उद्धार तथा आवश्यक सेवा प्राप्तीमा सहजीकरण गर्दै आएको छ भने स्थानीय तहसँगको समन्वय र सहकार्यमा पीडितहरूको लागि राहत तथा अन्य सेवाहरू प्राप्तीमा सहजीकरण गर्दै आएको छ। यसका साथै विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूले आयोजना गरेका बैठकहरूमा सहभागीता तथा जानकारी आदान प्रदान गर्ने कार्यमा समेत आयोग अग्रसर रहेको छ।

### ९.६ मापदण्डहरूको तयारी

**'कोभिड-१९'** को महामारी र बन्दाबन्दी सबैको लागि नयाँ विषय रहेको छ। बन्दाबन्दीकै अवधिमा पनि हिंसाका घटनाहरू भइरहेको र कतिपय प्रभावितहरूको तत्काल उद्धार गरी संरक्षणका लागि आश्रयस्थलहरूमा पठाउनु परिरहेको छ। यस्तो अवस्थामा एकातर्फ हिंसा प्रभावितहरूलाई प्रदान गरीने सेवाहरूको निरन्तरता महत्वपूर्ण रहेको छ भने अर्कोतर्फ सेवाहरू प्रदान गर्दा यसले पहिले सेवा केन्द्रमा बसी सेवा लिईरहेका प्रभावितहरूको सुरक्षाको सुनिश्चितता गर्नु पर्ने जिम्मेवारी समेत रहेको छ। खासगरी अल्पकालिन तथा दीर्घकालीन आश्रयस्थलहरूमा नयाँ आउने प्रभावित तथा बसीरहेकाहरूको माहामारीको जोखिमबाट संरक्षण गर्ने विषयमा निश्चित मापदण्ड बनाउन जरूरी देखिएको छ।

यसै कुरालाई मध्यनजर गर्दै आयोगले यस्तो महामारीको अवस्थामा आश्रयस्थलहरूको व्यवस्थापनका लागि 'कोभिड-१९' को महामारीको अवधिमा आश्रयस्थल सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड (Protocol)-२०७७' को मस्यौदा तयार गरी विभिन्न सरोकारवाला निकायहरूसँग छलफल समेत गरेको थियो। यो मापदण्ड महिला, बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालयबाट पारित भई लागूसमेत भईसकेको छ।

यसका साथै साविक देखि नै लैङ्गिंक हिंसा प्रभावितहरूको संरक्षण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मातहतमा सञ्चालन भई रहेका एकद्वार संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center -OCMC) हरूका लागि 'कोभिड-१९' को महामारीको समयमा पालना गर्नुपर्ने मापदण्ड (Protocol) २०७७ तयारीका लागि आयोगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय र सहकार्य गर्दै आएको छ।

### ९.७ महिला हिंसा निवारण गर्न हिंसाको रोकथाम र सम्बोधनका लागि सूचना सम्प्रेषण

आयोगबाट महिला माथि हुने विभिन्न प्रकारका हिंसा निवारण सम्बन्धी सन्देशमूलक जिङ्गलहरू नेपाली, भोजपुरी, मैथिली र डोटेलीमा भाषामा तयार पारी एफ.एम. रेडियोहरूबाट प्रशारण गरिएको थियो।

कोभिड १९ को कारण सिर्जित महामारीको समयमा हुन सक्ने हिंसाको सम्बोधनका लागि सरकारी तथा गैर सरकारी संस्थाहरू सँगको सहकार्यमा अडियो तथा भिडियोहरू मार्फत सूचनाहरू सम्प्रेषणसमेत गरिएको थियो।

आयोगले आफ्नो वेबसाईट मार्फत विभिन्न भाषामा सन्देशमुलक सूचनाहरू सम्प्रेषण गर्दै आएको छ। यसको साथै पत्रपत्रिका, रेडियो तथा टेलिभिजनबाट 'कोभिड १९' का कारण हुन सक्ने महिला हिंसा निवारण र सम्बोधनका लागि अन्तर्वाता तथा अन्य माध्यमबाट सूचना सम्प्रेषण गरेको छ।

आयोगले आफ्नो वेबसाईट (www.nwc.gov.np) मार्फत बन्दाबन्दीको अवधिमा सेवा प्रदान गरीरहेका संस्थाहरूको सूची तयार पारी सूचनाहरू सम्प्रेषण गर्दै आएको छ।

# परिच्छेद १०
## समन्वय र सहकार्य

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरेको थियो । आयोगबाट जिल्लास्तरमा गरीने विभिन्न कार्यक्रमहरू संयोजन गर्ने कार्यमा स्थानीय तह, जिल्ला समन्वय समिति, स्थानीय प्रशासन, शिक्षा विकास तथा समन्वय इकाई, नेपाल प्रहरी, पत्रकार तथा विभिन्न सरोकारवाला व्यक्ति तथा संस्थाहरूको सहयोग तथा समन्वय निरन्तर हुदै आएको छ । आयोगका काम-कारवाहीहरूमा टेवा दिने उद्देश्यले आयोगले गर्ने विभिन्न गोष्ठी, छलफल, सार्वजनिक सुनुवाई तथा अन्तरक्रियाहरूमा आवश्यकता अनुसारविशेषज्ञहरूको सल्लाह सुझाव लिदैं आफ्नो वार्षिक कार्यक्रमहरू सम्पन्न गरेको छ ।

